म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक १२० सोमबार २६ मंसिर २०७९ ने. सं. ११४३ थिंलागा 12 December, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## ज्यामिरेमा महिलाको शव गाडेको अवस्थामा फेला

हेटौंडा, २५ मंसिर/मकवानपुरको इन्द्रसरोबर गाउँपालिका-३ ज्यामिरेमा महिलाको शव गाडेको अवस्थामा फेला परेको छ । बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडा र जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट कुकर सहितको घटनास्थल पुगेको प्रहरी टोलीले महिलाको शव निकालेको हो । सोही स्थान बस्ने बिर बहादुर वाईबाकी श्रीमती अन्दाजी ३५ वर्षीया सरस्वती वाईबाको शव शनिबार साँझ साढे ७ बजेको समयमा खाल्डोमा पुरिएको अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । श्रीमान बिर बहादुर वाईबाले शुक्रबार श्रीमति हराएको भनि फोटोसहित जिल्ला प्रहरी कार्यालयमा निवेदन दिएका थिए । श्रीमान बिर बहादुरले खोजी गर्दै जाने क्रममा ठुलोकान्छा वाईबाको घरबाट ५० मिटर पर बारीमा अनुहार र कपडाको केही भाग मात्र देखिने गरि खाल्डोमा पुरिएको अवस्थामा श्रीमतिको शव भेटेका थिए । घटनासम्बन्धी थप अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ ।

## हेटौंडा उपमहानगरले गर्‍यो तरकारी बजारको उचित व्यवस्थापन



हेटौंडा, २५ मंसिर/ हेटौंडा-१० बसपार्कमा रहेको थोक तरकारी बजारलाई चौकीटोलमा सारिएको छ ।

हेटौंडा उपमहानगर पालिकाले हेटौंडा-१ स्थित राप्ती नदी उकास जमिनमा थोक तरकारी बजार निर्माण गरेर व्यवसायीलाई सारेको हो । तरकारी तथा फलफुलको थोक बजारको आइतबार हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीना कुमारी लामाले उद्घाटन गरेको थिइन् । नेपाल फलफूल तथा तरकारी व्यवसायी संघसँगको समन्वयमा उक्त स्थानमा एकसय ६ जना व्यवसायीका लागि स्टल निर्माण गरिएको छ ।

बागमती प्रदेश सरकारले दातृ निकायसँगको समेत सहयोगमा हेटौंडा-११ मा तरकारी तथा फलफुल थोक बजार निर्माण गरिरहेको छ । बजार निर्माणमा करिब ३ करोड ५० लाख रुपैयाँ खर्च अनुमान गरिएकोमा ३६ लाख रुपैयाँ उपमहानगरपालिकाले सहयोग गरेको छ । बजार निर्माण गर्न थोक बिक्रेताले प्रतिव्यवसायीसँग २ लाख रुपैयाँ संकलन गरिएको थियो । २०७८ सालमा उपमहानगरले तरकारी बजार निर्माण गर्न करिब ३ बिघा जग्गा उपलब्ध गराएको थियो । तरकारी बजारको उद्घाटन गर्दै मेयर लामाले बजार व्यवस्थापनका लागि उपमहानगरपालिका सहयोग गर्ने प्रतिबद्धता जनाइन् ।

मेयर लामाले अब बिस्तारै उपमहानगरपालिका क्षेत्रका बजारलाई व्यवस्थित बनाउने काममा लाग्ने बताइन् । उपमेयर राजेश बानियाँले तरकारी बजार र व्यवसायीलाई व्यवस्थित ढंगबाट काम गर्ने वातावरण तयार पार्ने बताए । तरकारी तथा फलफुल व्यवसायी संघ मकवानपुरका अध्यक्ष खड्ग बहादुर मोक्तानको अध्यक्षतामा भएको कार्यक्रममा उपप्रमुख राजेश बानियाँ, उपमहानगरको प्रवक्त सविन न्यौपाने, वडा अध्यक्षहरु, हेटौंडा उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत शिवराज चौलागाईको पनि उपस्थिति रहेको थियो ।

## अब 'एकीकृत अटो भिलेज' बनाउन उपमहागर लागेको छ: *प्रवक्ता न्यौपाने*

साझाकुरा संवाददाता

हेटौंडा/ हेटौंडा बजार क्षेत्रमा छरिएर रहेका अटोमोबाइलसंग सम्बन्धित व्यवसायलाई व्यवस्थित गर्न हेटौंडा उपमहानगरपालिका अगाडि बढेको उपमहानगरका प्रवक्ता सविन न्यौपानेले बताएका छन् ।

हेटौंडा-१० बसपार्कीस्थित तरकारी व्यवसायीलाई हेटौंडा-१ चौकीटोलपश्चिम राप्ती किनारमा स्थानान्तरण गरी व्यवस्थित बनाएपछि अब हेटौंडा उपमहानगरपालिकाको ध्यान अटो मोबाइल व्यवसायीहरुलाई व्यवस्थित बनाउनेतर्फ गएको प्रवक्ता न्यौपानेले बताए ।

हेटौंडा-१ मा तरकारी व्यवसायीलाई बनाइएको एकीकृत तरकारी बजारको आइतबार उपमहानगरका प्रमुख मिनाकुमारी लामा र उपप्रमुख राजेश बानियाँले संयुक्त उद्घाटन गरेका थिए । उक्त तरकारी बजार उद्घाटनलगत्तै उपमहानगरका प्रमुख लामा र उपप्रमुख बानियाँले हेटौंडा उपमहानगरपालिका वडा नं. ११ स्थित 'एकीकृत अटो भिलेज' निर्माणको लागि उपमहानगरले छुट्याएको क्षेत्रको निरीक्षण गरेका छन् । उक्त क्षेत्र हाल भएको नमूना बस्तीभन्दा दक्षिण राप्तीखोलाको उत्तर नदि उकास क्षेत्र हो ।

निरीक्षणपश्चात् प्रमुख लामाले 'एकीकृत अटो भिलेज' निर्माणका लागि आवश्यक जग्गा उपलब्ध गराएको उपमहानगरले

**बागमती प्रदेश, हेटौंडा उपमहानगरपालिका र व्यवसायीको संयुक्त प्रयासमा नमूना एकीकृत अटो भिलेज बनाउन उपमहानगरको टिम दत्तचित्त भएर लागेको छ ।**

**सविन न्यौपाने**
प्रवक्ता
हेटौंडा उपमहानगरपालिका



अब जग्गा विकास, कार्यालय भवन तथा तालिम केन्द्र, सार्वजनिक शौचालय र बाटो निर्माणमा बजेट विनियोजन गर्ने बताए । उनले देशमै नमूना 'एकीकृत अटो भिलेज' बनाउन द्रुत गतिमा लाग्न व्यवसायीहरुलाई आग्रहसमेत गरे ।

करिब २८ विगाह क्षेत्रफलमा फैलिएको उक्त भिलेजमा तीन पाङ्ग्रेदेखि माथिका सवारी साधनको मर्मत सम्भार गर्ने स्थान, नयाँ सवारीको शो-रुमका साथै स्पेयर पार्टस्का पसलहरु व्यवस्थित तरिकाले बनाइनेछ । उक्त कार्यको लागि भौतिक पूर्वाधार विकास मन्त्रालयले विस्तृत परियोजना प्रतिवेदन तयार गरिसकेको छ । मकवानपुर अटो मेकानिक एण्ड इन्जिनियरिङ्ग एसोसिएसनको समन्वयमा निर्माण हुने उक्त भिलेजलाई राप्ती खोलाको कटानबाट रोक्न भौतिक पूर्वाधार विकास मन्त्रालयले पाँच करोड लगानीमा एक किलोमिटर दुईसय मिटर मोटरबाटोसहितको तटबन्धनको काम गरिरहेको प्रवक्ता न्यौपानेले जानकारी दिए ।

कूल २१ करोडे लगानी हुने अनुमान गरिएको भिलेजमा वर्कसप सेडहरु भने व्यवसायी आफैंले बनाउने भएका छन् । 'बागमती प्रदेश सरकार, हेटौंडा उपमहानगरपालिका र व्यवसायीको संयुक्त प्रयासमा नमूना अटो भिलेज बनाउन उपमहानगर दत्तचित्त भएर लागेका छौं', प्रवक्ता न्यौपानेले जानकारी दिए ।

## बागमती प्रदेशमा को-को बने समानुपातिक सांसद ?

साझाकुरा संवाददाता

हेटौंडा, २५ मंसिर/४ मंसिर २०७९ मा भएको निर्वाचनमा समानुपातिकतर्फ प्राप्त मतका आधारमा दलहरुले बागमती प्रदेशसभाका लागि सदस्यहरुको नाम पठाएका छन् ।

प्रदेशसभामा प्रतिनिधित्व गर्ने नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, राप्रपा, नेकपा (एकीकृत समाजवादी), नेपाल मजदुर किसान पार्टी (नेमकिपा), हाम्रो नेपाली पार्टीले समानुपातिकतर्फ सदस्यहरुको नाम निर्वाचन आयोगमा पठाएको हो । १ सय १० सदस्यीय प्रदेशसभामा प्रत्यक्षतर्फ ६६ र समानुपातिकतर्फ ४४ सांसद निर्वाचित हुन्छन् । दलहरुले ४४ जनाको नाम आयोगका पठाइसकेका हुन् । प्रत्यक्ष र समानुतिकतर्फको मतगणना सकिएर सांसदहरुको टुंगो लागेपछि प्रदेशसभामा प्रक्रिया पुर्‍याएर प्रदेश प्रमुखले सरकार गठनको आह्वान गर्नेछन् । प्रदेश प्रमुखले सरकार गठनका लागि बहुमत पुर्‍याएर आउन आह्वान गरेपछि सरकार निर्माणको प्रक्रिया अगाढि बढ्छ ।



जस अगाडि समानुपातिकबाट सिट प्राप्त गरेका दलहरुले बन्द सूचिअनुसार सदस्यहरुको नाम पठाएको हो । समानुपातिकमा एमालेले १४, कांग्रेसले १२, माओवादी केन्द्रको ७, राप्रपाले ६, एकीकृत समाजवादीले २, नेमकिपाले २ र हाम्रो नेपाली पार्टीले १ सिट ल्याएको थियो । प्रत्यक्षमा कांग्रेसले २५, एमालेले १३, माओवादी केन्द्रले प्रत्यक्षतर्फ १४, अघिल्लो कार्यकालमा समानुपातिकबाट २ सिट मात्रै पाएको राप्रपाले यस निर्वाचनबाट प्रत्यक्षमा ७, एकीकृत समाजवादीले ५, नेमकिपाले १ र हाम्रो नेपाली पार्टीले प्रत्यक्षमा १ सिट ल्याएको हो ।

बागमती प्रदेशमा कांग्रेसले समानुपातिकमा समिता खड्गी श्रेष्ठ (काठमाडौं), लक्ष्मीदेवी श्रेष्ठ (मकवानपुर), गीता गुरुङ (चितवन), यमुनादेवी श्रेष्ठ (काठमाडौं), याङकिला शेर्पा रुइत (काठमाडौं), माया श्रेष्ठ (चितवन), शिवराज अधिकारी (धादिङ), उर्मिला नेपाल (तेह्रथुम), मीना पोखरेल (झापा), शान्ता ढकाल (काठमाडौं), बिनु रायमाझी पौडेल (चितवन) र सुना परियार (काभ्रे)को नाम आयोगमा पठाएको छ ।

एमालेले दिनेशचन्द्र देवकोटा (गोरखा), हरिप्रसाद सापकोटा (चितवन), भारती कुमारी पाठक (मकवानपुर), अप्सरा चौलागाईं (काभ्रे), मायाकुमारी कार्की (रामेछाप), बिन्दु श्रेष्ठ (काठमाडौं), माइली तामाङ (सिन्धुपाल्चोक), सुकुमाया तामाङ (सिन्धुली), सकुन्तला श्रेष्ठ राजभण्डारी (भक्तपुर), उर्मिला सुनुवार (दोलखा), आनन्दकुमार श्रेष्ठ (रामेछाप), ज्ञानबहादुर तामाङ (काभ्रेपलाञ्चोक), ठूला थामी (दोलखा), बालकुमारी विश्वकर्मा (चितवन)को नाम पठाइएको हो । माओवादी केन्द्रले देवेन्द्र श्रेष्ठ (भक्तपुर), उर्मिलाकुमारी लामा (महोत्तरी), सुष्पा भुजेल (सिन्धुली), डोल्मा थामी (दोलखा), ईश्वर सापकोटा (चितवन), अमृता नेपाल (सिन्धुपाल्चोक), रुकु चौलागाईं (काभ्रे)को नाम पठाइएको हो ।

निर्वाचन आयोगमा राप्रपाबाट कुमारी तामाङ (सिन्धुपाल्चोक), आशा लामा (काठमाडौं), धनेश्वरी प्रजापति (भक्तपुर), मोनिका श्रेष्ठ (दोलखा), भुवनकुमार पाठक (काठमाडौं), लक्ष्मी घिमिरे (रामेछाप)को नाम पठाइएको हो । हाम्रो नेपाली पार्टीबाट सरिता खड्गी (काठमाडौं) तथा नेकपा एकीकृत समाजवादीबाट ओमकुमारी श्रेष्ठ र मायादेवी शर्माको नाम गएको हो । नेमकिपाबाट सृजना सायजु (भक्तपुर) र गीता काफ्ले (भक्तपुर) प्रदेशसभा सदस्य हुने भएका छन् । निर्वाचन आयोगले दलबाट प्राप्त नाममाथि अनुसन्धान गरेपछि प्रमाणीकरण हुने व्यवस्था छ । आयोगले समानुपातिक निर्वाचन प्रणालीको बन्दसूचीको विवरण सच्याउनका लागि दलहरुलाई पुनः विवरण पठाउन सोमबार दिउँसो ४ बजेसम्मका लागि समय दिएको छ ।

**प्रतिनिधिसभामा बागमतीबाट को-को पुग्दैछन् ?**

दलहरुले समानुपातिकमा प्राप्त गरेको सिटका आधारमा प्रतिनिधिसभाका लागि पनि बागमतीबाट नाम आयोगमा पठाइएको छ । ३२ सिट पाएको कांग्रेसले बागमती प्रदेशबाट ९ जनाको नाम सिफारिस गरेको छ ।

कांग्रेसले डा.प्रकाशशरण महत (नुवाकोट), महिलातर्फबाट अम्बिका बस्नेत (काठमाडौं), प्रतिमा गौतम (काठमाडौं), रमा कोइराला (भक्तपुर), आदिवासी जनजाति महिलातर्फबाट सुशीला थिङ (सिन्धुली), सपना राजभण्डारी (काठमाडौं), अञ्जनी श्रेष्ठ (चितवन), दलित महिलातर्फबाट शान्ति बिक (चितवन) र सीता मिजार (नुवाकोट)को नाम पठाएको छ । प्रतिनिधिसभामा समानुपातिक तर्फ ३४ वटा सिट पाएको एमालेले बागमतीबाट ७ जनाको नाम सिफारिस गरेको छ ।

*बाँकी पृष्ठ-४ मा...*

## पालुङ जेसीजको अध्यक्षमा कार्कीले उम्मेदवारी दिने



साझाकुरा संवाददाता

हेटौंडा, २५ मंसिर/ पालुङ जेसीज वर्ष २०२३ को अध्यक्ष पदका लागि संगम कार्कीले उम्मेदवारी दिने भएका छन् । जेसीजको वर्ष २०२२ का कानुनी सल्लाहकारसमेत रहेका कार्कीले अध्यक्षमा उम्मेदवारी घोषणा गरेका हुन् ।

थाहा नगरको सामाजिक क्षेत्रमा क्रियाशील पालुङ जेसीजको वर्ष २०२३ का लागि कार्की तीन 'स'अर्थात् समानता, सहकार्य र सफलताको मूल सिद्धान्तसहित अध्यक्ष पदको लागि आफू तयार भएको बताए । वर्ष २०१६ मा पालुङ जेसीजको सदस्यता लिएका कार्कीले २०१७ मा साधारण सदस्य, २०१८ मा ओमकर क्वीज कन्टेष्ट संयोजक, २०१९ मा उपाध्यक्ष, २०२०मा कोषाध्यक्ष, २०२१ मा महासचिव र २०२२मा कानुनी सल्लाहकारको भूमिका निभाइ सकेका छन् । सामाजिक क्षेत्रमा सक्रिय कार्कीले पालुङ जेसीजको इतिहासमा वर्ष २०२३ लाई लोकप्रिय र उत्कृष्ट बनाउने विश्वास दिलाएका छन् ।

अंग्रेजी र समाजशास्त्र विषयमा स्नातकोत्तरसम्मको अध्ययन पुरा गरेका कार्कीले वर्ष २०२३ मा उपलब्धी मुलक कार्यक्रम गर्दै सदस्यहरुको व्यक्तित्व विकास सहित गाउँ, समाज र राष्ट्रको विकासमा युवाको क्षमतालाई प्रदर्शन गर्न सक्ने बनाउन विविध कार्यक्रम संचालन गर्ने बताएका छन् ।

कार्कीले वर्ष २०२३ मा विशेष २३ कार्यक्रम सहित उत्कृष्ट वर्ष बनाउने समेत प्रतिबद्धता जनाएका छन् । उनले युवाहरुलाई सूचना प्रविधिमा जोडेर थाहा नगरको शिक्षा, स्वास्थ्य, सहकारी, पर्यटन, कृषि, राजनीति, व्यक्तित्व विकासको क्षेत्रमा कार्यक्रमहरु तयार गरिएको बताए ।

**व्यापारिक मार्ट बिक्रीमा**

हेटौंडा उपमहानगरपालिका-४ पारिजातपथ स्थित व्यापारिक मार्ट विशेष कारण वश बिक्रीमा रहेकोले खरिद गर्न इच्छुक महानुभावहरुले निम्न सम्पर्क नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।
सम्पर्क नम्बरः ९८४५०२७०६४/९८५५०६८०३८

**खुसीको खबर ! खुसीको खबर !! खुसीको खबर !!!**

**यात्रु महानुभावहरूलाई खुसीको खबर !**

*यही २०७९ पौष १ देखि*

- हेटौंडाबाट ठिंगन हुँदै काठमाडौंसम्म दैनिक दिवा सेवा बिहान ६ बजे र ७ बजे
- कलंकी बसपार्क काठमाडौंबाट १ बजे र २ बजे दिउँसो लगनखेल ठिंगन हुँदै हेटौंडा सम्म




सम्पर्कः
९८५५०६७६५५, ९८५५०७१६२५, ९८५५०७०५६०

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

**सेवाहरूः**
- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# हेटौंडामा तरकारी बजार व्यवस्थापन उत्कृष्ट कार्य

हेटौंडा उपमहानगरपालिकाले हेटौंडा-१० बसपार्क क्षेत्रमा छरिएर रहेका तरकारीको होलसेल तथा खुद्रा व्यापारीहरुलाई व्यवस्थापन गरेको छ । बसपार्कमा रहेको तरकारीको अव्यवस्थित बजारलाई हेटौंडा-१ चौकीटोलस्थित राप्ती खोलाको पूर्वतर्फको जग्गामा स्थानान्तरण गरेर सहज व्यापार गर्ने अवस्था सिर्जना गरेको हो । आइतबार उक्त तरकारी बजारको हेटौंडा उपमहानगर पालिकाकी प्रमुख मिनाकुमारी लामाले उद्घाटन गरिन् । जिल्लास्थित सबै राजीतिक दल, नगरपालिकाको महाशाखा प्रमुखहरु, वडाध्यक्षहरु तथा सुरक्षा निकायको उपस्थितिमा तरकारी बजार शुभारम्भ भएको छ । बसपार्क क्षेत्रमा यात्रुहरुको भीड र उपभोक्ता र तरकारी उत्पादक किसानहरुको भीडका कारण व्यवस्थापन गर्न कठिनाई भइरहेको सन्दर्भमा बसपार्कमा हेटौंडा उपमहानगरपालिकाले निर्माण गर्न लागेको बसपार्क टर्मिनल भवन निर्माणको लागि आवश्यक स्थानाभावका कारण उक्त स्थानमा रहेका तरकारी व्यवसायी समस्यामा परेका थिए । तर, उपमहानगरले उक्त व्यवसायीहरुलाई जबर्जस्ती नहटाएर वैकल्पिक व्यवस्थासहित व्यवस्थापन गरेर निर्माण कार्यलाई अगाडि बढाएको छ ।

आफ्नो पालिकामा रहेका उद्योग, व्यवसाय, यातायात, पर्यटन, कृषि क्षेत्रको व्यवस्थापन स्थानीय पालिकाले गर्नुपर्ने हुन्छ । देशभरका विभिन्न पालिकाका प्रमुखले जबर्जस्ती तरिकाले अव्यवस्थित संरचनाहरु हटाउने काम गरिरहेको अवस्थामा हेटौंडामा तरकारी तथा फलफूल जस्तो संवेदनशील तथा नाशवान बस्तुको सहज खरिद बिक्री गर्ने वातावरण बनाउन सकारात्मक भूमिका खेल्ने हेटौंडा उपमहानगरका प्रमुख, उपप्रमुखसहित सिङ्गो कार्यपालिका धन्यवादको पात्र रहेको छ ।

एकसय छ जना तरकारी तथा फलफूल व्यवसायीलाई एकै स्थानमा राखेर व्यवस्थापन गर्दै सहज व्यापार गराउनु आफैंमा चुनौतीको विषय हो । तर, यो चुनौतीलाई सहज पूरा गर्न सफल तरकारी तथा फलफूल व्यवसायी व्यापार संघका अध्यक्ष तथा पदाधिकारी, हेटौंडा उपमहानगरपालिका कार्यालय, हेटौंडा-१ का वडाध्यक्ष सविन न्यौपाने, सबै व्यवसायीहरु धन्यवादका पात्र हुन् । २०७८ मंसिर २९ गतेबाट सुरु भएको यो स्थानान्तरण अभियान २०७९ मंसिर २५ गते सफल भएको छ । यो अभियानमा सहयोग गर्ने सबै धन्यवादका पात्र हुन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०७९ मंसिर २७ गते मंगलबार १३ डिसेम्बर २०२२ । पञ्चमी पौष कृष्णपक्ष । थिंलागा ११४३ ने.सं. । सूर्योदय ६:४७, सूर्यास्त ५:८ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक लाभ | तुला | : धर्मबाट सन्तोष |
| वृष | : विदेशबाट लाभ | वृश्चिक | : कार्यमा अवरोध |
| मिथुन | : आफन्तमा विवाद | धनु | : स्वजनबाट विरोध |
| कर्कट | : स्थानान्तरणको योग | मकर | : शैक्षिककार्यमा बाधा |
| सिंह | : सन्तान पक्षबाट नैराश्यता | कुम्भ | : सन्तान पक्षबाट सन्तोष |
| कन्या | : पराक्रम वृद्धि | मीन | : आफन्तमा विवाद |

# संविधानको मर्ममै प्रहार



**गोविन्द अधिकारी**

चुनाव सकियो । अपेक्षा होइन अनुमान गरेजस्तै भयो निर्वाचन परिणाम । प्रतिनिधि सभामा नेपाली कांग्रेस सबैभन्दा ठूलो दल त भयो तर सरकार बनाउन गठबन्धनका सबै दल मिलाउँदा पनि नपुग्ने गरेर । नेकपा (एमाले)ले समानुपातिक मत सबैभन्दा धेरै त पायो तर सरकार बनाउन भने झन् धेरै दलको सहयोग चाहिनेगरी । यसैले नयाँ निर्वाचनपछि पनि समस्या जस्ताको तस्तै रहेको छ ।

कांग्रेसभित्र संसदीय दलको नेतामा चुनाव होलाजस्तै छ । सभापति शेरबहादुर देउवालाई जोतिसीको भविष्यवाणी चरितार्थ गर्नका लागि पनि फेरि प्रधानमन्त्री बन्नु छ । महामन्त्री गगनकुमार थापालाई निर्वाचनमा अभिव्यक्त जनमतको सम्मान गर्नैका लागि पनि संसदीय दलको चुनावमा उठ्नै पर्ने हुन्छ ।

गगनले जित्ने सम्भावना भने निकै झिनो देखिन्छ । गोप्य मतदान हुने भएकाले पार्टी र देशको भविष्यको चिन्ता गर्नेहरूले गुटको घेरा तोडेर गगनलाई सहयोग गर्लान् कि भन्ने अपेक्षा कांग्रेसका शुभचिन्तकको मात्र होइन जनसाधारणको पनि छ ।

दाबी त रामचन्द्र पौडेल र डा. शेखर कोइरालाको पनि सुनिएको छ । यद्यपि, शेखर उति मुखर भएका छैनन् । डा. शशाङ्क कोइरालाले देउवालाई नै सघाउने समाचार सार्वजनिक भएको छ । पौडेल वा शेखर संसदीय दलमा चुनाव लड्न भने तयार नहोलान् । यसैले जनताले दिएको 'परिवर्तनको'चर्को र स्पष्ट सन्देश कांग्रेसले नसुन्ने लक्षण देखिइसक्यो ।

अर्को ठूलो दल एमालेमा त अध्यक्ष खड्गप्रसाद ओलीलाई कसैले चुनौती नै दिएका छैनन् । चुनौती दिन खोज्नेहरूलाई उनले चुनावभन्दा पहिले नै पन्छाइसकेका छन् । लाग्छ, आफैंले नछाडेसम्म ओली र एमाले पर्याय भएका छन् ।

अरू खुद्रा दलहरूले त कांग्रेस वा एमालेको काँधमा चढ्न पाए न सरकारको नेतृत्व गर्ने हो । कांग्रेस र एमालेबाहेकका अरू सबै मिले पनि बहुमत पुग्दैन । यी दुवै दलको नेतृत्व भने 'विक्रमादित्यको काँधमा बसेको बेताल'जस्तो छ ।

यसैले भो नदेखौँ परिवर्तनको सपना । देउवा वा ओली नै हुने हुन् अब पनि । हदै भए पुष्पकमल दाहाल वा माधवकुमार नेपाल अघि सर्लान् । यसैले अर्को पाँच वर्ष पनि खेर जाने डर नै धेरै छ । नियतिले नै नेपालीलाई ठगेपछि के लाग्यो ?

### समानुपातिकमा परिचरको प्रभुत्व

समानुपातिक प्रतिनिधित्वको चयनमा पनि राजनीतिक दलका कथित शीर्ष नेताले संविधानको मर्ममै प्रहार गरेका छन् । लाग्छ, यिनीहरू संविधानका सबै प्रगतिशील र उदार प्रावधानहरूले उपहास गर्न कम्मर कसेर र सबै मिलेर लागेका हुन् । जेजस्ता नाम निर्वाचनमा बुझाइयो भनेर समाचारमा आएको छ त्यसले समानुपातिकजस्तो न्यायपूर्ण पद्धतिलाई पनि यसरी विकृत बनाउन सकिँदो रहेछ भन्ने आश्चर्य नै हुन्छ ।

संसद् जनताको प्रतिनिधि संस्था हो । यसैले संसद्को आदर्श संरचना जनसंख्याको आकार जस्तै हुनुपर्छ । यसमा कम्तीमा जाति, उमेर, लिङ्ग र अवस्थाको संख्याअनुसारको प्रतिनिधित्व हुनुपर्छ । यसका साथै नेपालको संविधानले समावेशी प्रतिनिधित्वको पनि परिकल्पना गरेको छ । समाजको सबै समुदायको प्रतिनिधित्व सुनिश्चित गराउन समानुपातिक निर्वाचनको व्यवस्था भएको हो । दुर्भाग्य, यसलाई दलका लोभीपापी नेताहरूले परिजन पोस्ने उपाय बनाइदिए ।

प्रतिनिधि सभामा कुनै चेपाङ, राउटे वा कुसुन्डाको प्रतिनिधित्व गराउने जमर्को कुनै दलले गरेनन् र चुनाव हार्ने डरले समानुपातिकबाट संसद् जान खोज्नेहरूकै बिगबिगी भयो । नेता पत्नीहरूको त बथानै छ क्या रे सबै पुराना पार्टीबाट ! नयाँ पार्टीहरू पनि यही परिवार र परिजनको रोगबाट मुक्त रहेनन् । पुरानाले जे गरे यिनले पनि त्यही गरे । पुरानैको सिको गर्ने हो भने जनताले नयाँलाई भोट दिनु पनि खेरै फालेसरह भयो ।

नेताहरू यसरी संविधानको मर्ममा प्रहार गर्ने अनि दोष संविधानलाई दिने ! धत् ! नकच्चराहरू ।

### राष्ट्रपति कस्तो छान्ने : भनेको मान्ने कि दुनियाँले मान्ने ?

भरोसालाग्दो प्रधानमन्त्री पाइने सपना नियतिले नै हस्तक्षेप गरेबाहेक तुहिएजस्तो छ । अब कम्तीमा देशको राष्ट्रपति चाहिँ जनताले श्रद्धा गर्न सक्ने चुने हुन्थ्यो । (सम्भावना भने अत्यन्त कम छ । राष्ट्रपति पदलाई पनि सत्ताको भागबन्डामा हिस्सा बनाउने गरिएको छ ।) थपनाकै (आलङ्कारिक) भए पनि राष्ट्रपति त देशकै सर्वोच्च पदाधिकारी हो नि ।

गणतन्त्रपछि जनताले दुई जना राष्ट्रपति देखे । समुदाय र लिङ्गका दृष्टिले बाहेक तिनमा गर्व गर्नुपर्ने वा गर्न सकिने केही देखिएन । कांग्रेसका महामन्त्री र एमालेकी उपाध्यक्ष राष्ट्रपति बनाइए । तिनीहरूमध्ये पनि बहालवाला राष्ट्रपति विद्यादेवी भण्डारीले बढी नै निराश बनाइन् जनतालाई । पदको सान देखाउन मन पर्ने तर मान राख्न नसक्ने राष्ट्रपतिमा उनको गणना हुनेछ । उनको पनि पदावधि सकिन लाग्यो । यसैले थप केही नभनौ ।

प्रधानमन्त्री पनि देशले सम्मान र गर्व गर्न सक्ने उच्च नैतिक मनोबल भएको व्यक्ति भए हुन्थ्यो । तर, त्यसको सम्भावना अत्यन्त कम छ । यसैले अब पदको मर्यादा धान्न सक्नेलाई राष्ट्रपति बनाउनुपर्छ ।

देशको राष्ट्रपति लामो सार्वजनिक जीवन भएको तर विवादमा नमुछिएको व्यक्ति हुनुपर्छ । सबै वर्ग र समूहले अभिभावक ठान्न सक्ने र कसैले पनि शत्रु नदेख्ने व्यक्तिलाई बनाउनुपर्छ राष्ट्राध्यक्ष । सकेसम्म कुनै राजनीतिक दलमा संलग्न नभएको तर लोकतान्त्रिक प्रतिबद्धता, देशभक्ति र इमानमा कुनै शङ्का गर्न नपर्ने व्यक्ति होउन् न राष्ट्रपति त !

दलका नेताले अह्राएको मान्ने होइन जनताले 'मान्ने' व्यक्ति हुनुपर्छ राष्ट्रपति । नेताहरूलगायत सबैले अदब मान्ने, राष्ट्रिय जीवनमा ख्यातिप्राप्त निष्ठा र नियत कहिल्यै नडगमगाएको व्यक्ति छानेर सकेसम्म निर्विरोध राष्ट्रपति बनाउन सके गणतन्त्र साँच्चै गर्वको विषय बन्नेछ ।


कसैको अतृप्त सत्ताकांक्षा पूरा गर्न, कसैलाई अपराधबाट उन्मुक्ति दिन वा सत्ताको 'बार्गेनिङ टुल्स' बनाउन कोही राष्ट्रपति नबोस् न बनाइयोस् । दुर्भाग्य, नेपाली कांग्रेस र नेकपा (एमाले)का शीर्ष नेताहरूबाट यस्तो अपेक्षा राख्नु नै मूर्खता हुन्छ । तर, यी दुवै दलमा र केही अरू दलमा पनि देशको माया र भविष्यको चिन्ता भएका सांसदहरू त होलान् नि ।

विशेषगरी जनताले अलि पत्याएका कांग्रेस र एमालेका विवेक भएका नेता कार्यकर्ताले विवेक देखाऊन् । फेरि पनि अहिलेकै प्रवृत्ति दोहोरियो भने कलंकका तिनीहरूमाथि पनि लाग्नेछ ।

*(साभार: बाह्रखरी)*

# आर्थिक छटपटीसँगै सहअस्तित्वको संघर्ष

**अशोक शेरचन**



> तरलता अभावले बैंकहरुलाई पनि उद्यमी-व्यवसायीहरुलाई जस्तै संकटको डिलमा पुऱ्याइदिएको छ । अस्तित्वरक्षाको यस संघर्षमा दुवै पक्षले जित्न अनिवार्य छ । कुनै एक पक्षको हारले मात्र पनि दुवैलाई अस्तित्वविहीन बनाइदिनेछ ।

केही वर्षयता नेपाली अर्थव्यवस्थाले तरलता अभावको चरम समस्या बेहोरिरहेको छ । कहिले सरकारको कार्यक्षमता, कहिले विप्रेषण आप्रवाहमा कमी, कहिले बैंकहरूको अन्धाधुन्ध लगानी र कहिले कोभिड-१९ लाई यसको कारकका रूपमा व्याख्या गर्दै हामी पन्छिने गरेका छौं ।

अल्पकालीन समस्या ठानेर हामीले यसलाई खासै गहन रूपमा लिएका छैनौं । तर यो दीर्घरोगका रूपमा अर्थव्यवस्थाका लागि महँगो साबित हुँदै गएको छ । नीतिनिर्माताहरूले अल्पकालीन दबाईहरूको परीक्षण गर्दै ढुक्क हुन खोज्दा दीर्घरोगले अर्थव्यवस्थालाई कोमामा पुऱ्याउने सम्भावना बढेको छ । अर्थशास्त्री र विश्लेषकहरूले विश्वकै अर्थतन्त्र मन्दीमा जाने अनुमान गरिरहँदा हामी पनि त्यसबाट अछुतो रहन सक्दैनौं । किनकि हाम्रो अर्थतन्त्र परनिर्भर छ । अनगिन्ती अवसर पाउँदा पनि हामीले त्यसको उचित प्रयोग गर्न नजान्दा आत्मनिर्भर बन्न सकेनौं । व्यापारघाटाको तथ्यांक पनि कहालीलाग्दो छ । अन्तर्राष्ट्रिय बजारको मूल्यवृद्धि, महँगिँदै गएको ढुवानी खर्च, इन्धनजन्य वस्तुहरूमा देखिएको आरोह-अवरोह, भूराजनीतिक खिचातानी र वातावरणीय प्रतिकूलताका कारण विश्वसँगै हामीले पनि मन्दीको (महा)संकट बेहोर्नुपर्ने देखिएको छ ।

### व्यापार (अ)सन्तुलन

पाँच वर्षकै अवधिमा देशको व्यापार असन्तुलन निकै ठूलो भइसकेको छ । आयातित व्यापारको स्वरूप निकै डरलाग्दो छ । पाँच वर्षकै अन्तरालमा आयातमा करिब ७ खर्ब रुपैयाँ बराबरको बढोत्तरी भनेको पक्कै पनि चिन्ताको विषय हो । निर्यातमा खासै बढोत्तरी नभएका कारण व्यापार घाटाले अकल्पनीय फड्को मारेको छ, देशकै बजेटलाई पनि उछिनेको छ । चालु आर्थिक वर्षका चार महिनाको मात्रै तथ्यांकले पनि त्यस्तै देखाउँछ । गत आर्थिक वर्षहरूका तुलनामा आयात र निर्यात दुवै घटेको छ । आयात १८ प्रतिशतले घट्दा निर्यात ३३ प्रतिशतले घटेको छ । सरकारले केही सामग्रीको प्रतिबन्ध गरेका कारण आयात घट्यो, निर्यात घट्नुपर्ने त कुनै कारण छैन । आयात प्रतिबन्ध लगाइएका बेला झन् आत्मनिर्भरताको परिणाम देखिनुपर्ने हैन र ? आत्मनिर्भरताका कथा कथेर नथाक्ने नेता र नीतिनिर्माताहरूले देशको वर्तमान सूचकांकप्रति लज्जाबोध गरे हुने । किनकि देश टाट पल्टेको घोषणा गर्नुपर्ने हो कि भन्नेसम्मको त्रास अगाडि छ । विदेशी मुद्राको सञ्चयमा छोटो अवधिमै भएको क्षयीकरणले त्यही त्रासलाई बल पुऱ्याइरह्यो । १२ महिनासम्मको वस्तु तथा सेवाको आयात धान्ने विदेशी मुद्रा बोकेर बसेका हामी छोटो अवधिमै ६ महिनामा झऱ्यौं । जुन गतिमा आयातको चढाव, निर्यातको कछुवा चाल, विदेशी मुद्रा सञ्चितिको अधोगति र व्यापार घाटाको खाडल बढ्दै गएको छ, त्यो भविष्यका लागि शुभ संकेत पक्कै होइन ।

आयात नियन्त्रण गर्नुपर्ने, निर्यात र विदेशी मुद्राको सञ्चिति बढाउनुपर्ने र व्यापार घाटा घटाउनुपर्ने चुनौती छ । अहिलेकै अवस्थामा निर्यातमा नाटकीय बढोत्तरीको सम्भावना छैन । आयातमा कम आवश्यकताका वस्तुको पहिचान गरी थप नियन्त्रण आवश्यक देखिन्छ, जसका कारण आयात, व्यापार घाटा एवं विदेशी मुद्रा सञ्चितिमा तुरुन्तै सकारात्मक असर देख्न सकिन्छ । तर यो स्थायी समाधान पक्कै होइन, खुला बजारको परिकल्पनाभित्र पनि पर्दैन । तर खुला बजारका परिकल्पनाकारहरूले नै अहिले आफ्नो अनुकूलतामा नियन्त्रणमुखी अर्थव्यवस्थालाई प्रश्रय दिन खोजिरहेका छन् । त्यसो हो भने हामीले पनि कतिपय वस्तु तथा सेवाको आयात नियन्त्रण गर्नु जरुरी हुन्छ ।

### ब्याजदर

ब्याजदरको उतारचढावले अर्थव्यवस्थामा निकै ठूलो प्रभाव पार्छ भन्ने बुझ्न सेयर बजारको आरोह-अवरोह मात्र हेरे पुग्छ । हुन त सेयर बजारलाई जुवाघर पनि भन्ने गरिन्छ तर ब्याजदरको उतारचढावले यसलाई प्रत्यक्ष प्रभाव पार्ने गर्छ, पारिरहेको छ । पाँच वर्षयताको तथ्यांक मात्र हेर्दा पनि यो महसुस गर्न सकिन्छ । आर्थिक वर्ष २०७६/७७ मा नेप्से इन्डेक्स १३६२ हुँदा बैंकको औसत ब्याजदर र बेसरेट क्रमश: १०.११ र ८.५० प्रतिशत थिए । तर लगत्तै आर्थिक वर्ष २०७७/७८ मा इन्डेक्स २८८३ पुग्यो । उक्त समयमा बैंकको औसत ब्याजदर र बेसरेट झरेर क्रमश: ८.४३ र ६.८६ प्रतिशत थिए । गत वर्षको अन्त्यमा नेप्से इन्डेक्स २००९ मा झर्दा माथिका दुवै दर बढेर ११.६२ र ९.५४ प्रतिशत पुगे । अझै बढ्ने क्रममै छन् । यसले बजार करिब १५०० को वरिपरि झर्न सक्छ भन्ने इंगित गरिरहेको छ ।

भान्सा निकै महँगिएको गुनासो आम सर्वसाधारणको छ । हुन पनि खाद्य र गैरखाद्यवस्तुको मूल्य अघिल्लो वर्षका तुलनामा दुई गुणाभन्दा बढीले बढिसकेको छ । ब्याजदरमा आएको परिवर्तनले अर्थव्यवस्थाका सम्पूर्ण अंगलाई प्रभावित पार्छ नै । ब्याजदर बढ्नुको मख्य कारण तरलता अभाव रहेको सत्य लुकाइराख्नु पर्दैन । केही समयदेखि घरजग्गा कारोबारमा पनि मन्दी छाएको छ । सरकारी नीतिकै कारण जग्गाको कित्ताकाट रोक्का रहेकाले बेचबिखनमा कमी आएको छ, जसबाट तरलता बढ्छ कि भन्ने भ्रम तोडिइसकेको छ ।

### रेमिट्यान्स

कुल गार्हस्थ्य उत्पादन (जीडीपी) को ३० प्रतिशत बराबरको रेमिट्यान्स आप्रवाह, निर्यात र निक्षेप संकलन पनि बढेकै देखिन्छ । तर तरलता र विदेशी मुद्रा सञ्चितिमा कुनै सुधार देखिँदैन । भनिन्छ, नेपालीहरूले विदेशको कमाइको ठूलो हिस्सा अनौपचारिक माध्यमबाट पठाउँछन् । स्वाभाविक पनि हो, किनकि विनिमय दर बढी पाइन्छ, सेवा सहज हुन्छ र कागजातको पनि झन्झट हुँदैन । यो गैरकानुनी हो तर पनि यसमा पूर्ण रूपमा रोक लगाउन कुनै देशले सकेको छैन । यति हुदाँहुँदै पनि औपचारिक माध्यमबाट नेपाल भित्रिने रेमिट्यान्स हरेक वर्ष बढेको छ । तर पनि यसले तरलता र विदेशी मुद्रा सञ्चितिलाई टेवा दिन सकिरहेको छैन ।

आयातका तुलनामा निर्यातको अंश धेरै सानो छ । त्यही निर्यातमा पनि आयातित वस्तुहरूमा केही विशेषता थपथाप गरी पठाइने वस्तुहरूको बाहुल्य छ । निर्यात रकम पाँच वर्षमा (२०७४/७५ देखि २०७८/७९ सम्म) ८० अर्बबाट २ खर्ब रुपैयाँ पुग्दा आयात सोही समयमा १२ खर्बबाट १९ खर्ब रुपैयाँ पुगेको छ । तर लता संकुचनमा आयातको भूमिका ठूलो छ भन्दै गर्दा हामीले निर्यात पक्षमा पनि खासै उत्साहजनक उपलब्धि हासिल गर्न सकेका छैनौं ।

निक्षेप संकलन र निजी क्षेत्रमा प्रवाहित कर्जा लगानीको रकम जीडीपी हाराहारी पुगिसकेको छ । कोभिडका कारण विश्वसँगसँगै हाम्रो पनि आर्थिक वृद्धिदर केही वर्षदेखि खुम्चिएको छ । कोभिडको मारबाट पार नपाउँदै रुस-युक्रेन युद्धले विश्वलाई आर्थिक मन्दीतर्फ धकेलिदिएको छ । इन्धनजन्य वस्तुहरूमा मूल्यवृद्धि, वितरण प्रणालीमा समस्या, उत्पादनका प्रक्रियाहरूमा रोकावट, शक्तिराष्ट्रहरूबीच गुटबन्दी, व्यापारमा एकअर्कोलाई निषेध गर्ने प्रवृत्ति लगायतका कारणले विश्व अर्थतन्त्रको चक्र नै खलबलिएको छ ।

आर्थिक वृद्धिदर हरेक वर्ष अवास्तविक स्तरको राखेर बजेट पढुन्जेल न्यानो महसुस गर्ने परिपाटीले गर्दा देशको अर्थतन्त्र तन्नम बन्न पुगेको छ । राजनीतिक उतारचढाव र तिकडमका अगाडि अर्थतन्त्रका हतियारहरू भुत्ते हुँदै गएका छन् । उद्योगधन्दा र व्यापारले इतिहासमै गाह्रो अवस्थाको सामना गरिरहेका छन् । सोही तथ्यलाई सरकारको कानसम्म पुऱ्याउन उद्योगी-व्यापारीहरू सडकमा उत्रन थालेका छन् । विश्वव्यापी रूपमै मुद्रास्फीति र ब्याजदर बढिरहेको परिप्रेक्ष्यमा बैंकहरूलाई निसानामा राखेर सडकमा उत्रनुको सट्टा समस्याहरूबारे गहन विश्लेषणमा सबै पक्षलाई सहभागी गराई निष्कर्षमा पुग्नुपर्छ ।

कोभिडको समयमा केन्द्रीयसहितका बैंकहरूले मन फुकाएर उद्यमी-व्यवसायी र व्यक्तिगत ऋणीहरूलाई हरसम्भव सहयोग गरे । त्यसबखतको उद्धार नीति सही थियो र भविष्यमा पनि आवश्यकता पर्दा यस्तो उदारता देखाउन केन्द्रीय बैंक र अन्य बैंक पछि हट्नु हुँदैन भनेर उद्यमी-व्यवसायीहरूले प्रमाणित गरिदिने समय हो यो, न कि सडक आन्दोलन गर्ने । हामी सन् २०२३ को संघारमा छौं, जुन मन्दीको वर्ष हुने घोषणा अर्थशास्त्रीहरूले गरिसकेका छन् । विश्व अर्थतन्त्र सन् २०२२ मा ३.२ र २०२३ मा २.७ प्रतिशतले मात्र वृद्धि हुने आकलन अन्तर्राष्ट्रिय मुद्रा कोषले गरेको छ । हाम्रो अर्थतन्त्रमा केही सुधार देखिए पनि त्यो क्षणिक मात्रै हुनेछ । किनकि कृषिजन्य वस्तुको उत्पादन र रेमिट्यान्सको आप्रवाहमा वृद्धि देखिनासाथ हाम्रो अर्थतन्त्रमा सुधार देखिन्छ । अर्को साल अतिवृष्टि वा अनावृष्टि भए र विदेशी मुलुकले नीति परिवर्तन गरिदिएमा हाम्रो अर्थतन्त्रमा फेरि सुकेनास लाग्नेछ । उद्योगधन्दाहरूको विकास र उत्पादन, पर्यटन क्षेत्रको विकास, आईटी क्षेत्रमा फड्को, जलविद्युत्को समुचित विकास, सदुपयोग र निर्यात, रोजगारी सृजना, कृषिमा आधुनिकीकरण, सिँचाइ, मल र बजारको उचित व्यवस्थापन नभई हाम्रो आर्थिक वृद्धिदरलाई विश्वासयोग्य मान्न सकिन्न ।

दशकौंदेखि सरकारहरूको नजरमा आर्थिक मुद्दाले स्थान बनाउन नसकेको परिप्रेक्ष्यमा नयाँ बन्ने सरकारबाट पनि खासै केही आशा गर्ने ठाउँ छैन । सुरुदेखि नै आर्थिक मुद्दालाई प्राथमिकतामा राख्न नसके देश र राजनीतिको भविष्यमा कालो बादल मडारिने सम्भावना छ । सर्वप्रथम सरकारप्रति निजी क्षेत्रको नैराश्य र अविश्वासलाई चिर्नुपर्छ । विदेशी लगानी आकर्षित गर्नका लागी सहज, दिगो र सहयोगी वातावरण बनाउनुपर्छ । स्रोतहरूको अधिकतम परिचालन गरी परिणाम मापन र सोही अनुरूप कर्मचारीहरूको वृत्तिविकासका लागि अवसरको सृजना गर्नुपर्छ । निर्वाहमुखी कृषिको व्यवसायीकरणका लागि ठूला व्यवसायीहरू र व्यापारिक प्रतिष्ठानहरूलाई उक्त क्षेत्रमा अनिवार्य लगानी गर्नुपर्ने व्यवस्था ल्याउनुपर्छ । संचना प्रविधिक्षेत्रको महत्त्वलाई ध्यानमा राखी आवश्यक पूर्वाधार निर्माणमा लगानी गर्न हिचकिचाउनु हुँदैन । कोभिडका कारण थलिएको पर्यटन क्षेत्रले बिस्तारै गति लिन थालेको सन्दर्भमा यसको वृद्धि र स्थायित्वका लागि पनि सरकारले बहुवर्षीय योजनाहरूको सुरुआत गर्नुपर्छ ।

निष्कर्षत:, बैंकहरूको कर्जा लगानी क्षमता न्यूनतम विन्दुमा झरेको छ । अर्थतन्त्रलाई गतिमान बनाउन दत्तचित्त हुनुपर्ने बैंक तथा वित्तीय संस्थाहरू निक्षेपको जुगाडका लागि भिजेको मुसाझैं चाउरिएका छन् । तरलता अभावले बैंकहरूलाई पनि उद्यमी-व्यवसायीहरूलाई जस्तै संकटको डिलमा पुऱ्याइदिएको छ । अर्थात्, बैंक र व्यवसायी दुवै पक्ष आफ्नो अस्तित्व जोगाउन संघर्षरत छन् । यस संघर्षमा दुवै पक्षले जित्न अनिवार्य छ । कुनै एक पक्षको हारले मात्र पनि दुवैलाई अस्तित्वविहीन बनाइदिनेछ ।

*(साभार: ई-कान्तिपुर)*

## विश्वकप-२०२२

# मेसी र अर्जेन्टिनी जितका मोडहरू



दोहा/फुटबलमा धेरै कथा मैदानबाहिरै कोरिन्छन्, बिट मार्ने काम मैदानभित्रको प्रतिस्पधाले गर्छ । विश्वकप २०२२ मा शुक्रबार अर्जेन्टिनाविरुद्ध नेदरल्यान्ड्सको कथा अलि फरक रह्यो । भिन्न भयो । अर्जेन्टिनाले २-० को अग्रता लिएर पनि इन्ज्युरी समयको केही सेकेन्ड सम्हीलिन नसक्दा सेमिफाइन्ल पुग्न पेनाल्टी सुटआउट नै पर्खिनुपर्‍यो । गोल, अग्रता र बराबरीको रोमाञ्च त थियो नै । टचलाइनमा प्रशिक्षकको तनाव, बेन्चमा खेलाडीको उक्साहट र मैदानभित्रै खेलाडीको ठेलामठेल सम्मकै उग्र रूप पनि देखियो ।

दुईपल्टको विश्वकप विजेता अर्जेन्टिनी टिमको कतार संस्करणमा हरेक कथा कप्तान लियोनल मेसीकै वरिपरि बुनिएको छ । मेट्रो, बस, सार्वजनिक स्थल, मलहरूको माहोल र बच्चादेखि बुढासम्मले लगाइरहेका आकासे नीलो-सेतो धर्के १० नम्बरको जर्सीले पूरा कतारलाई नै मेसीमय बनाएको छ । यस्तो माहोल देख्दा लाग्छ कि फुटबलमा अर्जेन्टिनाभन्दा पनि मेसीको व्यक्तित्व ठूलो छ, महत्त्वपूर्ण हो । मेसी भने आफ्नै करिअर सार्थक बनाउने बाटोमा छन् । मारियो केम्पस (सन् १९७८) र डिएगो म्याराडोना (१९८६) पछि अर्जेन्टिनालाई विश्वकप दिलाउने खेलाडीको हैसियतमा उभिन चाहन्छन् ।

फुटबलमा सर्वकालीन महान् खेलाडीको श्रेणीमा अग्रपंक्तिमै राख्ने गरिएका मेसीमाथि तेर्सिने गरेको एउटै प्रश्न हो, सर्वोत्कृष्ट खेलाडी बन्न विश्वकपचाहिँ जित्नुपर्दैन ? अहिले मेसी यसैको जवाफको खोजीमा अन्तिम प्रयास गरिरहेका छन् । अरू सबै प्रतियोगिता जितिसकेका ३५ वर्षीय उनको पाँचौं विश्वकप हो यो । र, यसैलाई विश्वविजेता बन्ने आफ्नो करिअरको अन्तिम अवसर भएको बताइसकेका छन् । त्यसैले सारा विश्व फुटबलको नजर पनि मेसीमै केन्द्रित छ । आठ वर्षअघिको फाइनल हारेका उनले विश्वकप जित्छन् कि जित्दैनन् ?


बार्सिलोनाबाट गत सिजन फ्रान्सेली क्लब पेरिस सेन्ट जर्मेन पुगेका मेसी पहिलाजस्तै जादुयी खेल पस्कने लयमा त छैनन् । तर, उनी खेल परिवर्तन गर्न अझै माहिर छन् । पहिलाका चार संस्करणजस्तै नाम चलेका र उत्कृष्ट खेलाडीको साथ अहिले छैन । युरोपका ठूला क्लबसँग नाम जोडिएका भए पनि औसत खेलाडीहरू बनेको टिममा अर्जेन्टिनाको भाग्य मेसीकै प्रदर्शनमा निर्भर देखिएको छ । पहिलो खेलमै साउदी अरेबियाविरुद्ध हारेपछि मेक्सिको, पोल्यान्ड, अस्ट्रेलिया र क्वाटरफाइनलमा आएर नेदरल्यान्ड्सविरुद्ध निर्णायक प्रदर्शन मेसीले नै गरेका छन् । सिनियर खेलाडीमात्रै होइन, प्रदर्शनको हिसाबले पनि उनले टिमको नेतृत्व गरिरहेका छन् ।

निकै आक्रामक रूपमा देखिएका मेसीकै लोभलाग्दो पासमा नाहुएल मोलिनाले गोल गर्दै अर्जेन्टिनालाई लुसेल रंगशालामा डच टिमविरुद्ध ३५ औं मिनेटमा अग्रता दिलाएका थिए । त्यसमा मेसीले दिएको बल छोएमात्रै पनि गोल हुनेजस्तो देखिएको थियो, मोलिनाले त्यस्तै गरिदिए । मेसी आफैंले ७३ औं मिनेटमा पेनाल्टीमा सजिलै गोल गरेपछि २-० को अग्रतासँगै अर्जेन्टिनाले एक पाइला सेमिफाइनलमा राखेको थियो । यो विश्वकपमा मेसीको चौथो गोलपछि समर्थकले खेल जिते जसरी नै खुसीयाली मनाउन थाले । तर, वोट वेगोर्स्टले ८३ औं मिनेटमा गोल गर्दै डच टिमलाई आशा दिलाए, जसले अर्जेन्टिनालाई तनाव दिएको थियो । उनले इन्ज्युरी समयको ११ औं मिनेटमा चलाखीपूर्ण फ्रिकिकमा गोल गरेर खेल २-२ को बराबरीमा टुंग्याइदिए । निर्धारित समयको अन्तिम मुभ पनि त्यही थियो, जुन डिफेन्सको अनावश्यक फाउलमा पाएको थियो । थपिएको ३० मिनेट समय पनि तनावपूर्ण रह्यो । खेलाडीहरू धकेलाधकेलको दृश्य सामान्य बन्यो । गोलकिपर एमिलानो मार्टिनेजले लिभरपुलका डिफेन्डर भर्जिल भान डाइक र स्टेभेन बर्गाउसलाई पेनाल्टीमा रोक्दै टाइब्रेकरमा ४-३ को जितसहित अर्जेन्टिनालाई सेमिफाइनलमा पुर्‍याइदिए । नेदरल्यान्ड्सका टिम कुपमेनर्स, वोट र ल्युक डी जोङमात्रै सफल रहे । अर्जेन्टिनाका मेसी, लियान्द्रो पार्डेस, गोन्जालो मोन्टिएलको प्रहार सटिक भए पनि एन्जो फर्नान्डेजले बाहिर हाने । तर, निर्णायक प्रहारमा लाउटारो मार्टिनेजले गोल गरेपछि अर्जेन्टिनाले ८ वर्षपछि पनि टाइब्रेकरमा नेदरल्यान्ड्सलाई पन्छाएको हो ।

यो विश्वकपमा उपाधिको मुख्य दाबेदार ब्राजिललाई मानिएको थियो । तर, छैटौंपल्ट विश्वविजेता बन्ने अभियानमा रहेको ब्राजिललाई लुका मोड्रिचको टिम क्रोएसियाले शुक्रबार टाइब्रेकरमा पराजित गर्‍यो । त्यसैले अर्जेन्टिनाले छिमेकीको रूपमा रहेको परम्परागत प्रतिस्पर्धी बाहिरिएको खुसीयाली मनाउने अवसर पनि पायो । फाइनल प्रवेशका लागि अर्जेन्टिनाले त्यही क्रोएसियाविरुद्ध मंगलबार फेरि लुसेलमा खेल्ने छ ।

अर्जेन्टिनाविरुद्ध नेदरल्यान्ड्सलाई एउटा खराब खेलको रूपमा पनि सम्झिने छ । किनभने स्पेनी रेफ्री मिगुएल माटेउ लोहाचले सुन्दर खेल कायम राख्न सकेनन् वा नियन्त्रणमा राख्न सकेनन् । उनले १८ पहेंलो कार्ड देखाए । दुई पहेंलो कार्ड (रातो) पाउने एकमात्र खेलाडी डेन्जेल डेम्फ्रिस रहे । त्यो पनि टाइब्रेकर सकेपछि । अर्जेन्टिनाका प्रशिक्षक लियोनल स्कालोनी र वाल्टर सामुएलले पनि कार्ड पाए । अर्जेन्टिनी खेलाडी जसरी डच प्रशिक्षक लुइस भान गालविरुद्ध खनिए, जसरी नेदरल्यान्ड्सको बेन्चअघि टचलाइनमै पुगेर गोलको खुसीयाली मनाए, वास्तवमै त्यो उक्साहटको पनि पराकाष्ठा नै थियो । त्यसैले पूरा खेल बारम्बार तनावग्रस्त भयो । जसले चिलीविरुद्ध इटालीको खेल सान्टियागोको युद्ध १९६२ लाई सम्झन बाध्य पारेको थियो । पोर्चुगलविरुद्ध नेदरल्यान्ड्सको सन् २००६ को १६ कार्डजस्तै बन्यो । अर्जेन्टिनाविरुद्ध नेदरल्यान्ड्सको खेलमा अनेक मोड त छँदै छन् । कडा सुरक्षाबीच दर्शक नाङ्गै मैदानमा प्रवेश गर्न पनि भ्याए । अमेरिकी पत्रकार ग्रान्ट वाहलको पनि मिडिया ट्रिब्युनमै ढलेपछि निधन भयो । मृत्युको कारण हृदयघात भनिएको छ । तर, खेल मेसीको प्रदर्शन र अर्जेन्टिनाको जितकै लागि यादगार रहनेछ । *(ई-कान्तिपुर)*

# विश्वकपबाट बाहिरिएपछि रोनाल्डोको पहिलो बयान



काठमाडौं/पोर्चुगलका स्टार क्रिस्टियानो रोनाल्डोले विश्वकपको क्वार्टरफाइनलबाट नै टोली बाहिरिएपछि पहिलो बयान जारी गरेका छन् । सामाजिक सञ्जालमा लेख्दै उनले आफ्नो देशका लागि सधैं शत प्रतिशत दिएको र आफ्नो सहकर्मी र राष्ट्रलाई कहिले पनि धोका नदिएको स्पष्ट पारेका छन् ।

पोर्चुगलको लागि विश्वकपको उपाधि जित्नु आफ्नो सबैभन्दा ठूलो सपना रहेको बताउँदै रोनाल्डोले त्यसका लागि आफूले कडा संघर्ष गरेको स्मरण गराएका हुन् । उनले लेखेका छन्,

पोर्चुगलका लागि विश्वकप जित्नु मेरो करियरको सबैभन्दा ठुलो र महत्वाकांक्षी सपना थियो। सौभाग्यवश मैले पोर्चुगल लगायत अन्तर्राष्ट्रिय आयामका धेरै उपाधि जितें, तर आफ्नो देशको नाम विश्वको सबैभन्दा ठुलो उपाधिमा राख्नु मेरो सबैभन्दा ठुलो सपना थियो ।

म यसको लागि लडें। मैले यो सपनाको लागि कडा सैर्ष गरें। मैले १६ वर्षको अन्तरालमा ५ विश्वकपमा गोल गरे, सधैं महान् खेलाडीहरूको साथ र लाखौं पोर्चुगिजहरूको समर्थनमा, मैले मेरो सबै दिएँ। यो सबै मैदानमा छोडे। मैले कहिल्यै लडाइँमा आफ्नो अनुहार फर्काइनँ र मैले त्यो सपनालाई कहिल्यै छोडिनँ।

दु:खको कुरा हिजो सपना समाप्त भयो यो बेला प्रतिक्रिया गर्न लायक छैन। म तपाईहरू सबैलाई यो जान्नुहोस् भन्ने चाहन्छु कि धेरै भनिएको छ, धेरै लेखिएको छ, धेरै अनुमान गरिएको छ, तर पोर्चुगलप्रतिको मेरो समर्पण एक क्षणको लागि पनि परिवर्तन भएको छैन । म सँधै सबैको उद्देश्यका लागि लडिरहेको थिएँ र म मेरा सहकर्मी र मेरो देशलाई कहिल्यै धोका दिएको छैन ।

अहिलेको लागि धेरै भन्नु छैन । धन्यवाद पोर्चुगल। धन्यवाद कतार । सपना टिकेसम्म राम्रो थियो ... अब, यो आशा छ कि मौसम राम्रो सल्लाहकार हुनेछ र प्रत्येकलाई आफ्नो निष्कर्ष निकाल्न अनुमति दिनेछ ।

# सेमिफाइनल र फाइनलमा खेलाउने बल सार्वजनिक



काठमाडौं/फिफा विश्वकप २०२२ मा सेमिफाइनल र फाइनलमा खेलाउने नयाँ बल सार्वजनिक गरिएको छ । 'अल हिल्म' नामक बल यसपालिको सेमिफाइनल र फाइनलमा खेलाउने बल हो । अल हिल्म एक अरेबिक शब्द हो । जसको अर्थ 'द ड्रिम' अर्थात सपना हो ।

यो बल समुह चरणमा खेलाइएको बल भन्दा फरक छ । समूह चरणमा 'अल रिहला' अर्थात 'द जर्नी' नामक बल खेलाइएको थियो । यो नयाँ बलमा अल रिहलाको जस्तै प्रविधिको प्रयोग गरिएको छ । जसबाट बलबारे निर्णय लिन निकै सहज हुने गरेको छ । यस पटकको विश्वकपमा बलको पोजिसन थाहा पाउन सेन्सर टेक्नोलोजी जडान गरिएको छ ।

यो बलले खेलाडीको पोजिसनसमेत थाहा पाइने हुनाले भिडियो एनालिस्टलाई पनि सहज हुने गरेको छ । बल भित्र आईएमयू सेन्सर जडान गरिएको छ ।

यो बलमा पनि अल रिहला जस्तै अर्ध स्वचालित अफसाइड सिस्टमलाई जडान गरिएको छ । फिफाका फुटबल टेक्नोलोजी एन्ड इनोभेसनका निर्देशक जोहान्स होल्जमुलर भन्छन्, 'बलमा टेक्नोलोजी जडान गरेर एडिडासले सूचना प्रवाह गर्न र भिडियो म्याच अफिसियललाई पनि डाटा निकाल्न निकै सहज भएको छ । यस प्रकारको बलले मैदानमा अनौठो क्षणको बारेमा पनि जानकारी राख्न सहज भएको छ ।'

यो बलमा प्रयोग भएको गम पूर्णतया वातावरण मैत्री रहेको पनि उनले बताए । फिफा विश्वकप सेमिफाइनल र फाइनल खेलाउने बलमा प्रयोग भएको मसी र गम पानीमा आधारित रहेर बनाइएको छ । यो बलको डिजाइनमा एक सानो त्रिभुज छ । जसले दोहा वरपरको मरुभूमिलाई संकेत गर्छ । फिफा विश्वकपको ट्रफीको रंग पनि त्यस्तै छ । र कतारको झन्डाको रंगलाई समेत ध्यानमा राखेर यो बलको डिजाइन गरिएको छ ।

फुटबल एडिडासका प्रबन्धक निक क्रयाग भन्छन्, 'अल हिल्मले विश्वलाई एकै स्थानमा ल्याउन फुटबलको शक्तिमाथि प्रकाश पार्ने गरि बनाइएको छ', उनले भने, 'फुटबलमा जुनुन राख्ने विश्वका लाखौं मानिसले विश्वकपले जोडेको छ । हाम्रो तर्फबाट सेमिफाइनल पुगेका सबै टिमलाई शुभकामना दिन चाहान्छौं ।'

# नेदरल्यान्ड्सका प्रशिक्षक भान गालले दिए राजीनामा

काठमाडौं/विश्वकप फुटबलको क्वाटरफाइनलमा अर्जेन्टिनासँग हारेपछि नेदरल्यान्ड्सका प्रशिक्षक लुइस भान गालले आफ्नो पदबाट राजीनामा दिएका छन् । उनले भने, 'म प्रशिक्षकको पदबाट राजीनामा दिन्छु । मैले यो पद केही समयको लागि मात्रै सम्हालेको थिएँ ।'

उनले अगष्ट ४ मा तेस्रो पटक नेदरल्यान्ड्सको प्रमुख प्रशिक्षकको रुपमा पद ग्रहण गरेका थिए । त्यसयता गालको प्रशिक्षणमा नेदरल्यान्ड्सले २० खेल खेल्यो । गाल भन्छन्, 'मेरो तेस्रो कार्यकालमा नेदरल्यान्ड्सले २० खेल खेल्यो र एक खेल पनि हारेन ।' अर्जेन्टिनासँगको पेनाल्टीमा हार बेहोरेको बारेमा उनी भन्छन्, 'मलाई लाग्दैन यो हार हो । हामीमा पेनाल्टीमा चुकेका हौं । यसलाई हार भन्न मिल्दैन ।' उनले जाँदा जाँदै आफूले एक उत्कृष्ट नेदरल्यान्ड्सको टोली निर्माण गरेको बताए ।

## झन् बढे बेरोजगार :

# साढे ८ लाख सूचीकृत, साढे ६ लाख विदेशतिर

काठमाडौं/सरकारको प्रमुख नीतिमै पर्छ, बेरोजगारी समस्याको न्यूनीकरण । तर, सरकारी नीति र कार्यक्रमहरु बीच तालमेल नहुँदा बेरोजगारी समस्या घट्नुको साटो झन्-झन् बढिरहेको सरकारी तथ्यांकहरुले देखाएका छन् ।

सरकारले प्रधानमन्त्री रोजगारी कार्यक्रमको लागि संकलन गरेको बेरोजारको तथ्यांकमा नै सूचीकृत बेरोजगार नागरिक गत वर्षको तुलनामा एक लाख भन्दा धेरैले बढेका छन् ।

साना विकास निर्माण आयोजनामा १०० दिनसम्म रोजगारी दिने गरी ल्याइएको प्रधानमन्त्री रोजगार कार्यक्रममा गत आर्थिक वर्ष २०७८/७९ मा ७ लाख ०८ हजार २४५ जना सूचीकृत भएका थिए । तर, चालु आर्थिक वर्ष २०७९/८० मा यो संख्या ८ लाख ४१ हजार ५०३ पुगेको छ । यो गत चैतसम्म दर्ता हुनेहरुको संख्या हो ।

श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालयका अनुसार बेरोजगारका रुपमा दर्ता हुनु स्वेच्छिक विषय हो । यसै कारण बेरोजगारको ठूलो पंक्ति यो सूचीमा समेटिन नसकेको सरकारी अधिकारी नै स्वीकार गर्छन् । निर्माण आयोजनामा केही हप्ता काम पाइने भएकाले धेरैजसो शैक्षिक बेरोजगार युवाले यो सूचीमा नाम दर्ता गराउन चासो दिने गरेका छैनन् । स्थानीय तहहरुले रोजगार कार्यक्रमको प्रणालीमा दर्ता हुन चाहेकाहरुलाई मात्र दर्ता गराउने गरेका छन् ।



वैदेशिक रोजगारीमा जानेको संख्या पनि उच्च दरमा बढेकाले पनि बेरोजगारीको भयावह दृश्यलाई देखाउँछ । गत आर्थिक वर्ष २०७८/७९ मा वैदेशिक रोजगारीमा जानेको संख्या झण्डै ६ लाख ३७ हजार थियो । विदेशमा श्रमका लागि जान अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ र वैधानिकीकरण) लिने नेपालीको संख्या ३ लाख ५४ हजार ६६० पुगेको थियो । एक वर्षमा वैदेशिक रोजगारीका लागि पुन: श्रम स्वीकृति लिने नेपालीको संख्या १९८.५ प्रतिशतले बढेर २ लाख ८२ हजार ४५३ पुगेको थियो ।

चालु आर्थिक वर्षमा पनि वैदेशिक रोजगारीमा जानेको संख्या सानो छैन । २०७९/८० को पहिलो ३ महिनामा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको संख्या १२३.१ प्रतिशतले बढेको छ । तीन महिनाको अवधिमा १ लाख ४७ हजार ९३ जनाले नयाँ श्रम स्वीकृति लिएर विदशे पुगेको वैदेशिक रोजगार विभागको तथ्यांकमा देखिन्छ ।

वैदेशिक रोजगारीका लागि पुन: श्रम स्वीकृति लिने नेपालीको संख्या समीक्षा अवधिमा ६६.२ प्रतिशतले बढेको छ । यो अवधिमा श्रम नवीकरण गरेर ५७ हजार ८६१ जना श्रमिक विदेश पुगेका छन् । कात्तिक र मंसिरमा गरी वैदेशिक रोजारीमा जानेको कुल संख्या करिब ३ लाख नाघ्ने अनुमान छ ।

वैदेशिक रोजगार विज्ञ जीवन बानियाँ महामारीले दुई वर्षसम्म जान नपाएका श्रमिक र विदशेबाट रोजगारी गुमाएर फर्किएका श्रमिक विदेश जान हौसिएको बताउँछन् । 'देशभित्र उचित ज्यालादर सहितको मर्यादित रोजगारी छैन,' उनी भन्छन्, 'त्यसो हुँदा बेरोजगार युवाले विकल्प खोज्छन्, त्यो विकल्प वैदेशिक रोजगारी नै हो ।'

कोभिड-१९ महामारीका कारण धेरै नागरिक बेरोजगार हुन पुगेका छन् । त्यसको असर पनि विभिन्न किसिमबाट देखिएका छन् । राष्ट्रिय श्रम सर्वेक्षण २०१८ का अनुसार बेरोजगारको हिस्सा कुल श्रम शक्तिको ११ प्रतिशत एवम् अर्धबेरोजगारको हिस्सा ३९ प्रतिशत थियो । अनौपचारिक क्षेत्रमा काम गर्नेको अंश करिब ४१ प्रतिशत रहेको राष्ट्रिय आर्थिक गणनाले देखाएको थियो । कृषिले करिब ६० प्रतिशत, निर्माण क्षेत्रले करिब १४ प्रतिशत र उद्योगले करिब ८.१ प्रतिशत रोजगारीका अवसर उपलब्ध गराएको देखाएका थियो । कोरोना महामारीपछि निर्माण, पर्यटन, उद्योग लगायतका क्षेत्रका धेरै मजदुर बेरोजगार बनेका छन् । करिब १०-१० लाख मजदुर कार्यरत पर्यटन र निर्माण क्षेत्र अझै पनि पुरानो लयमा फर्किन सकेका छैनन् । पर्यटन क्षेत्र केही सुधारिए पनि विदेशी पर्यटकको आगमन पुरानो दरमा फर्किन सकेको छैन ।

यो बेला देशमा आर्थिक गतिविधि मन्द छ । मागमा आएको संकुचनका कारण अटोमोबाइल लगायतका क्षेत्रमा कामदार कटौती भइरहेको छ । नेपाल उद्योग परिंघका अध्यक्ष विष्णु अग्रवाल बजारमा विभिन्न वस्तु तथा सेवाको मागमा आएको संकचुनले रोजगारीको क्षेत्र पनि प्रभावित हुन पुगेको बताउँछन् । यसले गर्दा उद्योगी व्यवसायीले बेतलबी विदा लगायतका विधिबाट आफ्नो सञ्चालन खर्च व्यवस्थापन गर्नु परिरहेको उनको भनाइ छ ।

'अतिनियन्त्रणमुखी नीतिहरुका कारण निजी क्षेत्र होतोत्साही छ, त्यसले बजारलाई चक्री रुपमा असर पारेको छ,' उनी भन्छन्, 'रोजगार गर्नेहरु पनि यसबाट प्रभावित छन्, लगानी थप्न नसक्दा थप रोजगारी सिर्जना पनि हुन सकेको छैन ।'

वैदेशिक रोजगार विज्ञ बानियाँका अनुसार विदेशबाट रोजजगारी गुमाएर फर्किएकाहरु फेरि म्यानपावर कम्पनीतिर धाइरहेका छन् । पश्चिम नेपालबाट काम खोज्दै भारत जानेको संख्या सानो छैन । विभिन्न देशमा मौसमी कामदारका रुपमा जानेहरु पनि बढेका छन् ।

*(स्रोत: अनलाइनखबर)*

# मकवानपुरमा ७ जना डेंगु संक्रमित थपिए

साझाकुरा संवाददाता

हेटौंडा, २५ मंसिर/ मकवानपुरमा ७ जना डेंगु संक्रमित थपिएका छन् ।

आईतबार गरिएको परिक्षणमा ७ जनामा डेंगु संक्रमण देखिएको हो । योसँगै जिल्लामा डेंगु संक्रमितको संख्या ५ हजार ८३९ जना पुगेको छ । स्वास्थ्य कार्यालयका अनुसार, उक्त तथ्याङ्क गत साउन महिनादेखि आईतबारसम्मको हो । जसमा ३ हजार १९७ जना पुरुष र २ हजार ६४२ जना महिला रहेका छन् ।

जिल्लाको १० स्थानीय तहमध्ये सबैभन्दा धेरै डेंगु संक्रमित हेटौंडा उपमहानगरपालिकामा रहेका छन् । जसअनुसार, हेटौंडा उपमहानगरपालिकामा २ हजार ३८९ जना पुरुष र १ हजार ९४६ जना महिला गरी ४ हजार ३३५ जनामा डेंगु संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालयले जनाएको छ ।

यस्तै, डेंगु संक्रमण पुष्टि हुनेमा मनहरी गाउँपालिकामा ५४५ जना पुरुष र ४९६ जना महिला गरी १ हजार ३४ जना, थाहा नगरपालिकामा १०८ जना पुरुष र ६७ जना महिला गरी १७५ जना, मकवानपुरगढी गाउँपालिकामा ४५ जना पुरुष र ३४ जना महिला गरी ७९ जना, बागमती गाउँपालिकाका ४ जना पुरुष र ४ जना महिला गरी ८ जना रहेका छन् ।



यसैगरी, इन्द्रसरोवर गाउँपालिकाका एक जना पुरुष र २ जना महिला गरी ३ जना, कैलाश गाउँपालिकाका ५ जना पुरुष र ३ जना महिला गरी ८ जना, भीमफेदी गाउँपालिकामा ३१ जना पुरुष र २८ जना महिला गरी ५९ जना, बकैया गाउँपालिकामा १८ जना पुरुष र २८ जना पुरुष गरी ४६ जना, राक्सिराङ गाउँपालिकमा १९ जना पुरुष र ६ जना महिला गरी २४ जना, हाल ठेगाना नखुलेका १७ जना पुरुष र १८ जना महिला गरी ३५, अन्य जिल्लाका १५ जना पुरुष र १० जना महिला गरी २५ जनालाई संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालयले जनाएको छ ।

स्वास्थ्य कार्यालयका अनुसार, जिल्लामा उक्त संक्रमणका कारण हालसम्म एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा हेटौंडा उपमहानगरपालिकाका रहेका छन् ।

# भोज खाँदा १६ जना बिरामी

साझाकुरा संवाददाता

हेटौंडा, २५ मंसिर/ जिल्लाको पश्चिमी क्षेत्रस्थित मनहरी गाउँपालिकामा भोज खाँदा १६ जना बिरामी परेका छन् । मनहरी-६, स्थित सुनाचुरीको एक घरमा भोज गरिएको थियो ।

सुनाचुरीको स्थानीय शर्मिला राईको घरमा छोरीको गुन्युचोलीको भोज खाँदा स्थानीयहरु बिरामी परेका हुन् । भोज खाएर आफ्नो घर फर्केकोमा शुक्रबार उनीहरुलाई ज्वरो आउने र झाडापखाला लाग्ने भई बिरामी भएपछि उपचारका लागि नयाँ मेडिकल कलेज भरतपुर चितवन गएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ । उनीहरुको उपचार जारी रहेको छ । उपचार खर्च अभाव भएका केही बिरामीहरुलाई गाउँपालिकाले खर्च व्यहोर्ने मनहरी गाउँपालिका अध्यक्ष रन्जन कालाखेतीले जानकारी दिए ।

बिरामीहरुमा वान्ता हुने, उच्च ज्वरो आउनेलगायतका लक्षणहरु देखिएको अध्यक्ष कालाखेतीले बताए । चिकित्सकहरुले फुड पोइजनका कारण मानिसहरु बिरामी परेको जनाएका छन् ।

बिरामी पर्नेमा मनहरी ९ ज्यामिरेका प्रनिश थापामगर, दिपिका थापामगर, अनिष थापा मगर, रमा अधिकारी, रमिला थापा मगर, रविन थापामगर, प्रदिप थापा मगर, सुविधा प्रजा, सुजन प्रजा, अमिशा राई, अबिना थापा मगर, रविना थापा मगर, लिला थिङ, आषिका अधिकारी र अमृता राणा छन् । यी बिरामीमध्ये एकजनाको आइतबार आइसियुमा उपचार भएको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

साझाकुरा

"तपाई हामी सबैको कुरा"

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।



वेबसाइटमा: www.sajhakuranews.com
सर्च गर्न नभुल्नुहोला ।
साझाकुरा वेबसाइटमा सजिलै पढ्न सकिने छ ।

# मानव अधिकार आयोगले प्रदेश प्रमुखलाई बुझायो वार्षिक प्रतिवेदन

साझाकुरा संवाददाता

हेटौंडा, २५ मंसिर/ राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालय, हेटौंडाले बागमती प्रदेश प्रमुख यादव चन्द्र शर्मा समक्ष वार्षिक प्रतिवेदन पेश गरेको छ ।



आयोगले आईतबार प्रदेश प्रमुख शर्मासमक्ष आर्थिक वर्ष २०७८/०७९ को वार्षिक प्रतिवेदन पेश गरेको हो । प्रदेश प्रमुख शर्मालाई आयोग प्रदेश कार्यालयका प्रमुख यज्ञप्रसाद अधिकारीले नेपालको संविधानको २९४ को उपधारा ३ बमोजिम दोस्रो वार्षिक प्रतिवेदन पेश गरेका छन् । आयोगले बुझाएको प्रतिवेदनमा आयोगको बागमती प्रदेश कार्यालयमा मानव अधिकार उल्लैन भएको भनी ३३ उजुरीहरु दर्ता भएको उल्लेख छ ।

आर्थिक वर्षमा उजुरी सहित हाल बामगती प्रदेश कार्यालयमा ५९७ उजुरी विचाराधीन रहेको पाइएको छ । मानवअधिकार संग सम्बन्धित घटनाको २९ पटक अनुगमन गरिएको जनाइएको छ । कार्यालयले पुराना र नयाँ गरी १५७ उजुरीमाथि अनुसन्धान सम्पन्न गरेको प्रतिवेदनमा जनाइएको छ भने बागमती प्रदेशका १२० उजुरी फछ्र्यौट भएको उल्लेख छ ।

तथापी आयोगका सिफारिस कार्यान्वयन तर्फ १५.३ प्रतिशत पूर्ण कार्यान्वयन ३९.२ प्रतिशत आंशिक कार्यान्वयन र ४५.५ प्रतिशत कार्यान्वयन हुन बाँकी देखिएको छ । तथ्याङ्कको आधारमा हेर्दा आयोगका सिफारिस कार्यान्वयन सन्तोषजनक नभएको पाइएको छ । त्यसैगरी विभिन्न सरकारी निकाय तथा गैर सरकारी क्षेत्रबाट भएको आमन्त्रणमा २१ पटक मानव अधिकार सम्बन्धि विशेषज्ञ सेवा उपलब्ध गराएको जनाइएको छ ।

यस्तै, यसै आर्थिक वर्षमा सम्पन्न स्थानीय तह सदस्य निर्वाचन, २०७९ को आयोगको प्रदेश, कार्यालय, हेटौंडाले १३ वटै जिल्लामा अनुगमन गरेको पनि प्रतिवेदनमा उल्लेख गरिएको छ । अनुगमन टोलीले निर्वाचनपूर्वको अवस्था, निर्वाचनको दिन र निर्वाचन पश्चातको अवस्था गरी तीनै चरणमा मानव अधिकारको दृष्टिकोणबाट अनुगमन गरेको जनाइएको हो । आयोगका अनुसार अनुगमनबाट प्राप्त प्रतिवेदनको आधारमा सम्बन्धित पक्षको ध्यानाकर्षण समेत भएको छ ।

सिमान्तकृत समुदाय चेपाङ्, जिरेल, माझी, दुनुवार, दलित आदि समुदायको आर्थिक, सामाजिक र सास्कृतिक अधिकारको संरक्षणका लागि राज्यले थप लगानी गर्नुपर्ने देखिएको प्रतिवेदनमा जनाइएको छ । आयोगले प्रदेश प्रमुखज्यू र प्रदेश प्रमुखको कार्यालय बागमती प्रदेशबाट विगतदेखि नै आयोगको बागमती प्रदेश कार्यालयलाई प्राप्त सद्भाव र सहयोगप्रति आभार व्यक्त गर्दै आगामी दिनमा पनि सहयोग निरन्तरताको अपेक्षा राखेको जनाइएको छ । मानव अधिकार रक्षकको मर्यादा, सूरक्षा र पहिचानको लागि यस अवधिमा बागमती प्रदेशका १३ वटै जिल्लाका प्रतिनिधी समावेश गरी बागमती प्रदेशको राजधानी हेटौडामा मानव अधिकार रक्षक सम्बन्धी प्रादेशिक सम्मेलन पनि आयोजना गरिएको प्रतिवेदनमा जनाइएको छ ।

सम्मेलनबाट प्राप्त सुझावसहित पारित १७ बुँदे घोषणा पत्रले मानव अधिकारको क्षेत्रमा गर्न पर्ने कार्यको सम्बन्धमा मार्गनिर्देश गरेको छ । प्रदेश सरकार र स्थानीय तहका सरकारहरूसँग सहकार्य र समन्वयमा रही आयोगले कार्य गर्दै आइरहेको जनाएको छ । आयोगका अनुसार नेपाल सरकारबाट जारी मानव अधिकार सम्बन्धी पाँचौ पंचवर्षिय कार्ययोजनाले परिकल्पना गरे बमोजिम बागमती प्रदेश सरकारले मानव अधिकार कार्ययोजना समन्वय समिति गठन गरी कार्य प्रारम्भ गरेको छ ।

यस्तै, बागमती प्रदेशका १३ जिल्ला र ११९ वटै पालिकामा संयन्त्र गठनका लागि आयोगको बागमती प्रदेश कार्यालयले पहल गरि सकेको छ । मानव अधिकार कार्ययोजनाको प्रभावकारी कार्यान्वयन हुन सकेमा मानव अधिकारको अवस्थामा गुणात्मक सुधार हुने अपेक्षा लिएको छु ।

बागमती प्रदेशको मानव अधिकारको अवस्था हेर्दा विकास कार्य प्रारम्भ गर्दा जोखिमको मूल्यांकन नहुँदा बाढी पहिरोको कारण विस्थापित महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति थप जोखिममा पर्न गएका छन् । राजधानी लगायत क्षेत्रमा अझै पनि दलित समुदाय माथि विभेद भएको, लैंगिक हिंसा बढ्दो रुपमा रहेको, आमाको नामबाट नागरिकता लिनमा विभेद जस्ता भएका छन् ।

विद्यालयमै बालबालिका माथि यौन हिंसा र विभेद भएको, हिरासतमा यातना दिएका, कारागारमा क्षमता भन्दा धेरै कैदीबन्दी रहेको कारण कारागारको अवस्थामा सुधार हुन नसकेको पाइएको छ । यसका अतिरिक्त वैदेशिक रोजगारीमा गएका नेपाली नागरिक र तिनको परिवारको मानव अधिकार चुनौतीपूर्ण रुपमा रहेको छ । अपाङ्गता भएका व्यक्तिको सहज पहुँचका लागि पूर्वाधार विकास हुन सकेको छैन । यसका अतिरिक्त ज्येष्ठ नागरिक, तेश्रोलिंगिप्रति परिवार र समुदायबाट भएका विभेदका कारणले बागमती प्रदेशको मानव अधिकार अवस्था सन्तोषजनक देखिएको छैन ।

## बागमती प्रदेशमा को–को....

कांग्रेस र एमालेले गरेको सिफारिसमा मकवानपुर भने अटाउन सकेन् । एमालेले आदिवासी-जनजाति कोटाबाट देवीप्रसाद भट्टचन (ललितपुर), नैनकला थापा मगर (चितवन), रणकुमारी बलम्पाकी मगर (सिन्धुली), शान्ति श्रेष्ठ (काठमाडौं), खस आर्य पुरुष कोटामा रघुजी पन्त (काठमाडौं), दलित पुरुष कोटामा ईश्वरबहादुर रिजाल (दोलखा) र दलित महिला कोटामा रुक्मिनी राना बराइली (काभ्रे)लाई सिफारिस गरेको छ ।

मानुपातिक तर्फ १४ सिट पाएको नेकपा माओवादी केन्द्रले बागमती प्रदशेबाट ४ जनाको नाम सिफारिस गरेकोमा आदिवासी महिला कोटामा मिना तामाङ (काभ्रे)को नाम समावेश गरिएको छ । खस आर्य महिला कोटामा ज्ञानु बस्नेत सुवेदी (चितवन), विमला सुवेदी (नुवाकोट) र दलित पुरुष कोटामा रणेन्द्र बराली (चितवन)लाई सांसद पदका लागि सिफारिस गरेको छ ।

समानुपातिक तर्फ १३ सिट पाएको रास्वपाले बागमती प्रदेशबाट ५ जनालाई सांसद् बनाउन सिफारिस गरेको छ । राप्रपाले सुमना श्रेष्ठ (काठमाडौं) खस-आर्य महिलाबाट डा.चन्दा कार्की (ललितपुर), खस आर्य पुरुष तर्फबाट डोलप्रसाद अर्याल (काठमाडौं), दलित पुरुष तर्फबाट सन्तोष परियार ( भक्तपुर) र मुस्लिम तर्फबाट असिम शाह (काठमाडौं) सिफारिसमा परेका छन् । राप्रपाको समानुपातिक सूचिबाट बागमती प्रदेशको प्रतिनिधित्व गर्दै सांसद बन्नका लागि खस आर्य कोटामा पशुपति शमशेर जबरा (सिन्धुपाल्चोक), आदिवासी जनजाति पुरुष कोटामा बुद्धिमान तामाङ (धादिङ), आदिवासी जनजाति महिला कोटामा बिना लामा (धादिङ) र खस आर्य महिला कोटामा रोशन कार्की (ललितपुर) को नाम सिफारिस गरिएको छ ।

**रेष्टुरेन्ट बिक्रीमा**

हेटौंडाको मेनरोडमा चालु अवस्थामा रहेको रेष्टुरेन्ट विशेष कारणले बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।

सम्पर्क नं.:
९८४५२९०३९१, ९८५५०८५३९१

**तपाई निम्नमध्ये कुनै विवाहको साक्षी त बनिरहनु भएको छैन ?**

- बाल विवाह
- अनिच्छित विवाह
- बहु विवाह
- दाइजो विवाह
- दवाव विवाह

विचार गर्नुस,
के तपाई अपराध र अपराधीलाई सहयोग त गरिरहनुभएको छैन ? यी सबै विवाह सामाजिक र कानूनी अपराध हुन् ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# स्पेनिस नागरिक होसेको पुस्तक बिमोचन

साझाकुरा संवाददाता

हेटौंडा, २५ मंसिर/ मकवानपुरमा बालबालिकाको क्षेत्रमा निरन्तर २२ वर्षदेखि काम गर्दै आएका स्पेनिस नागरिक होसे मारिया दियाजले लेखेको पुस्तक 'शान्ति मेरो जीवनपथको ज्योति' बिमोचन गरिएको छ ।

होसेले सन् २०१६ मा स्पेनिस भाषामा लेखेको पुस्तकलाई नेपालीमा उल्था गरी पुन: प्रकाशन गरिएको हो । होसेको सहयोगमा हेटौंडा-११ सरस्वतीमा स्थापना गरिएको रुहेल सीआरसीमा रहेका असहाय बालिकाहरुको बारेमा पनि पुस्तकमा चर्चा गरिएको छ ।

सुभाषचन्द्र कट्टेलको अनुवाद रहेको २ सय ८ पृष्ठको यो पुस्तकको मूल्य ३ सय ५० रुपैयाँ राखिएको छ । पुस्तक बिक्रीबाट प्राप्त सबै रकम बालबालिकाकै क्षेत्रमा खर्चने योजना रहेको रुहेल सीआरसीका कार्यक्रम संयोजक केदार आचार्यले जानकारी दिए ।



बेचबिखनको शिकार बनेर भारतीय बेश्यालयमा पुगेकी शान्तिको जीवनमा आधारित अनुभवहरु पुस्तकमा कलात्मक रुपमा समेट्ने प्रयास गरिएको छ । बागमती प्रदेशका पूर्वमुख्यमन्त्री डोरमणि पौडेलले पुस्तक लोकार्पण गर्दै आफ्नै वडामा एक जना विदेशी नागरिकले यति राम्रो काम गरिर हेको आजै थाहा पाएको बताए । रुहेल सीआरसीकी अध्यक्ष सुमित्रा काफ्लेको सभाध्यक्षतामा भएको कार्यक्रममा सिबिन मकवानपुर बाल हेल्पलाइनका कार्यक्रम संयोजक झविन्द्र ज्ञवाली, मामाघर नेपालका संस्थापक अर्पण पराजुली, बालकल्याण नेपालका पूर्वउपाध्यक्ष प्रद्युम्न उपाध्याय लगायतले होसेले बालबालिकाको क्षेत्रमा गरेको योगदानका बारेमा चर्चा गरेका थिए ।

**सितु वचत तथा ऋण सहकारी संस्था लि.**
हेटौडा १ भिन्तुनापथ

**कर्मचारी आवश्यकता**

*सूचना नं. १ प्रकाशित मिति :- २०७९/०८/२६*

यस सहकारी संस्थाको रिक्त रहेको व्यबस्थापक (सहायक स्तर) पदपूर्ति गर्नु पर्ने भएकोले ईच्छुक योग्यता पुगेको नेपाली नागरिकबाट देहायको शर्तको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र स्वहस्त लिखित निवेदन आव्हान गरिन्छ ।

१) **पद** : व्यबस्थापक (पाँचौ तह)
२) **संख्या** : १ (एक)
३) **शैक्षिक योग्यता** : वाणिज्य विषय वा सो सरह स्नातक तह उतिर्ण
४) **विशेष योग्यता** : कम्प्युटर (वर्ड, एक्सल वर्ड अफिस सिस्टम चलाउने तालिम प्राप्त, कम्तीमा बैंक वितिय, सहकारी संस्थामा लेखा सम्बन्धि जिम्मेवारी बोकेको २ वर्षको अनुभव र मोटर साईकल चालक अनुमति पत्र वाहकलाई विशेष प्राथमिकता दिईनेछ ।)
५) **छनौट प्रकृया** : लिखित, प्रयोगात्मक र मौखिक
६) **दरखास्त दिने अन्तिम मिति** : २०७९।९।३ गते
७) **परीक्षा दस्तुर** : रु ५००।- (पाँच सय)
८) **पारिश्रमिक** : आपसी सहमतीमा टुंग्याईनेछ ।
९) **सेवा** : स्थायी (१ वर्ष परीक्षणकाल)
१०) लिखित परीक्षा हुने मिति सम्पर्क मितिमा जानाकारी गराईन्छ ।
११) **सर्म्पक मिति** : दरखास्त दिने अन्तिम मितिको भोली पल्ट दिनको ३ वजे ।

दरखास्त साथ नेपाली नागरिकता प्रमाणपत्र, शैक्षिक योग्यताका प्रमाण पत्र (एसईई देखि माथि) तालिम, सवारी चालक अनुमति पत्र र अनुभवको प्रमाण पत्रहरूको १/१ प्रति फोटोकपि र हालसालै खिचेको पासपोर्ट साईजको फोटो २ प्रति अनिवार्य रूपमा पेश गर्नु पर्नेछ । लिखितमा उतिर्ण लाई मात्र प्रयोगात्मक र अन्तर्वार्तामा समावेश गरिनेछ ।

**सम्पर्क फोन नं. ०५७-५४७०६**

# हेटौंडा अस्पतालमा सिटी स्क्यान सेवा सुरु



जिल्लाको एकमात्र सरकारी अस्पताल हेटौंडा अस्पतालमा आइतबारबाट औपचारिक रुपमा सिटीस्क्यान सेवा सुचारु भएको छ । नागरिकको स्वास्थ्य उपचारलाई सहज र सरल बनाउन अस्पतालले आइतबारबाट सिटी स्क्यान सेवाको औपचारिक रुपमा सुरुवात गरिएको अस्पताल व्यवस्थापन समिति सदस्य उत्सव चौलागाईंले जानकारी दिए । बागमती प्रदेश सरकारको आर्थिक सहयोगमा २४ घण्टा नै सेवा दिने गरी अस्पतालले तयारी गरेको उनले बताए । दैनिक रुपमा २०-३० जना बिरामीलाई सेवा दिन सकिने अस्पतालले जनाएको छ । सिटी स्क्यान सेवा सुरु भएकै दिन आइतबार ८ जना बिरामीले सेवा लिएको अस्पताल व्यवस्थापन समिति सदस्य चौलागाईले जानकारी दिए । सिटि स्क्यानमा सामान्य एक्सरेबाट नदेखिएका रोगहरु, हड्डी खिइएको, नशा सम्बन्धी, दुर्घटनामा चोटपटक लागेका घाउहरु पत्ता लगाउन बिरामीको जाँच गरिने छ । यसअघि अस्पतालमा सिटी स्क्याक मेसिन नहुँदा बिरामीहरुले दु:ख भोग्नु परेको थियो । अब अस्पताललाई सिटी स्क्याक मेसिन नभएकै कारण बिरामीलाई अन्यत्र सरुवा गर्नुनपर्ने चौलागाईले बताए ।

विगतमा सिटी स्क्याक मेसिन नहुँदा बिरामीको रोगहरुको पहिचान हुन नसकेपछि बाहिर गएर उपचार गर्नुपर्ने बाध्यता थियो । अस्पतालले निकट भविष्यमा एमआरआई मेसिन पनि सञ्चालन गर्ने चौलागाईले जानकारी दिए । केही दिनअघि मात्रै मृगौलाको डायलासिस र प्रत्यारोपण गर्ने सेवाका लागि काठमाडौंस्थित शहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रसँग मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान र हेटौंडा अस्पतालबीच त्रिपक्षीय सम्झौता भएको थियो ।

# मकवानपुरले पाएन प्रतिनिधिसभामा समानुपातिक सांसद

साझाकुरा संवाददाता

हेटौंडा, २५ मंसिर/ प्रतिनिधिसभामा समानुपातिकर्फ कुनैपनि दलबाट मकवानपुरले सांसद पाउन सकेन ।

आफूले पाएको सिटमा सांसद बन्नेको नाम राजनीतिक दलहरुले शनिबार निर्वाचन आयोगमा नाम बुझाएको छ । राजनीतिक दलहरुले बुझाएको समानुपातिक सांसदको सुचिमा मकवानपुर अटाउन नसकेको हो । बागमती प्रदेशबाट मात्रै २९ जना प्रतिनिधिसभाको समानुपातिक सांसद बन्दा मकवानपुरको भने एकजना पनि पर्न सकेनन् । निर्वाचन आयोगले राजनीतिक दलहरुले बुझाएको नामको आधारमा सोमबार समानुपातिबाट निर्वाचित सांसदहरुको घोषणा गर्ने जनाएको छ । प्रतिनिधिसभामा समानुपातिक तर्फ नेकपा एमालेले ३४,नेपाली कांग्रेसले ३२,नेकपा माओवादी केन्द्रले १४,रास्वपले १३, राप्रपाले ७ सिट पाएको थियो । जसमा बागमती प्रदेशबाट प्रतिनिधिसभाको समानुपातिक सांसद बन्ने मौका २९ जनाले पाएका छन् । शनिबार नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी र राप्रपाले निर्वाचन आयोगमा बुझाएको समानुपातिक तर्फको सांसदहरूको सिफारिस सूचीमा बागमती प्रदेशबाट २९ जनाको नाम अटाएको हो ।

निर्वाचन आयोगलाई बुझाएको सुचिमा बागमती प्रदेशबाट नेपाली कांग्रेसले ९ जना, एमालेले ७ जना, माओवादी केन्द्रले ४ जना, रास्वपाले ५ जना र राप्रपाले ४ जना प्रतिनिधिसभा सांसदको लागि सिफारिसमा गरेको छ । प्रतिनिधिसभाको आगामी कार्यकालका लागि बागमती प्रदेशलाई प्रतिनिधित्व गर्दै ५ वटा दलहरूबाट समानुपातिक तर्फबाट २९ जना सांसद चुनिने भएका छन् । शनिबार देशका मुख्य ३ ठुला दलहरू नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्रसहित राष्ट्रिय स्वतन्त्र पार्टी र राप्रपाले निर्वाचन आयोगमा बुझाएको समानुपातिक तर्फको सांसदहरूको सिफारिस सूचीमा बागमती प्रदेशबाट उनीहरूको नाम समेटिएको हो ।

जसमा नेपाली कांग्रेसबाट ९ जना, एमालेबाट ७ जना, माओवादी केन्द्रबाट ४ जना, रास्वपाबाट ५ जना र राप्रपाबाट ४ जना प्रतिनिधिसभा सांसदको लागि सिफारि समा परेका छन् । कांग्रेसले खसआर्य पुरुष तर्फबाट डा.प्रकाशशरण महत (नुवाकोट), खस-आर्य महिलातर्फबाट अम्बिका बस्नेत (काठमाडौं), प्रतिमा गौतम (काठमाडौं), रमा कोइराला (भक्तपुर)लाई प्रतिनिधि सभा सदस्यका लागि सिफारिस गरेको छ । त्यस्तै कांग्रेले आदिवासी जनजाति महिलातर्फबाट सुशीला थिङ (सिन्धुली), सपना राजभण्डारी (काठमाडौं), अञ्जनी श्रेष्ठ (चितवन), दलित महिलातर्फबाट शान्ति विक (चितवन) र सीता मिजार (नुवाकोट)लाई सिफारिस गरेको छ । यता एमालेले आदिवासी-जनजाति कोटाबाट देवीप्रसाद भट्टचन (ललितपुर), नैनकला थापा मगर (चितवन), रणकुमारी बलम्पाकी मगर (सिन्धुली), शान्ति श्रेष्ठ (काठमाडौं)लाई सिफारिस गरेको छ । एमालेले खस आर्य पुरुष कोटामा रघुजी पन्त (काठमाडौं), दलित पुरुष कोटामा ईश्वरबहादुर रिजाल (दोलखा) र दलित महिला कोटामा रुक्मिनी राना बराइली (काभ्रे)लाई सिफारिस गरेको छ । माओवादी केन्द्रबाट बागमती प्रदेशबाट समानुपातिक तर्फबाट ४ जनाको नाम सिफारिसमा परेको छ । जसमा आदिवासी महिला कोटामा मिना तामाङ (काभ्रे) को नाम समावेश गरिएको छ भने खस आर्य महिला कोटामा ज्ञानु बस्नेत सुवेदी (चितवन), विमला सुवेदी (नुवाकोट) र दलित पुरुष कोटामा रणेन्द्र बराली (चितवन)लाई सांसद पदका लागि सिफारिस गरेको छ । रवि लामिछाने नेतृत्वको रास्वपाको समानुपातिक सूचिबाट सांसद्का लागि आदिवासी-जनजाति तर्फबाट सुमना श्रेष्ठ (काठमाडौं), खस-आर्य महिला तर्फबाट डा.चन्दा कार्की (ललितपुर), खस आर्य पुरुष तर्फबाट डोलप्रसाद अर्याल (काठमाडौं), दलित पुरुष तर्फबाट सन्तोष परियार (भक्तपुर) र मुस्लिम तर्फबाट असिम शाह (काठमाडौं) सिफारिसमा परेका छन् । बागमती प्रदेशबाट राप्रपाको समानुपातिक सूचिबाट सांसद बन्नका लागि खस आर्य कोटामा पशुपति शमशेर जबरा (सिन्धुपाल्चोक), आदिवासी जनजाति पुरुष कोटामा बुद्धिमान तामाङ (धादिङ), आदिवासी जनजाति महिला कोटामा बिना लामा (धादिङ) र खस आर्य महिला कोटामा रोशन कार्की (ललितपुर) को नाम सिफारिस गरिएको छ ।

**सच्याइएको**

हेटौंडा उपमहानगरपालिकाद्वारा यस पत्रिकामा २३ मंसिर २०७९ मा प्रकाशित आशयको सूचनामा मिति २०७९-६-६ हुनुपर्नेमा अन्यथा भएकाले भुलवश भएको गल्तीलाई सच्याइएको अनुरोध छ ।
**साझाकुरा राष्ट्रिय दैनिक पत्रिका**

**थापाथली प्रसुति गृहका वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ डा.प्रशान्त शर्मा**

**अब प्रत्येक दिन हेटौंडा सिटी हस्पिटलमा**

तसर्थ महिलाहरुमा हुने विभिन्न समस्याहरु जस्तै :

- गर्भवती महिलाका सम्पूर्ण चेक जाँच तथा डेलिभरी सेवा
- सेतो पानी बग्ने समस्या
- महिनावारी गडबडी हुने
- पाठेघर तथा तल्लो पेटको समस्याहरु
- स्तनका विभिन्न समस्याहरु
- महिला प्रजनन प्रणाली तथा निसन्तानपन सम्बन्धि समस्या

लगायत महिलाहरुमा हुने सम्पुर्ण समस्याहरुको चेक-जाँच, उपचार तथा परामर्शका लागि हामीलाई सम्झनुहोस् र स्वास्थ्य लाभ लिनु होला ।

*साथै हरेक दिन HD Quality को इण्डोस्कोपि सेवा प्रदान गरिन्छ ।*

थप जानकारीको लागि

**हेटौंडा सिटी हस्पिटल प्रा.लि.**
फोन न.:०५७-५२०३१५

**थप सुविधाका साथ हाम्रा सेवाहरु**

विगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस अस्पतालमा बिशिष्ट विशेषज्ञ डाक्टरहरुको समूहद्वारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको जानकारी गराउंदछौं ।

**कार्यरत विशेषज्ञ डाक्टरहरु :**

- हाडजोर्नि तथा नशा रोग विशेषज्ञ डा.वसन्तमान श्रेष्ठ तथा डा.आभाष तिवारी
- जनरल फिजिसियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
- नाक, कान, घांटी रोग विशेषज्ञ डा.अनुप सञ्जेल र डा.इन्क्लाम ढुंगाना
- जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
- छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
- रेडियोलोजिष्ट डा.गेहेन्द्र भुसाल
- एनेस्थेसिया डा.सुवास लामिछाने
- दन्तरोग विशेषज्ञ डा.रञ्जना शाह
- फिजियोथेरापिस्ट डा.रवि गुरुङद्वारा दैनिक उपचार तथा जांच हुनेछ ।

साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्वारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्वारा रगत, दिसा, पिसावको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि.स्क्यान सेवा फार्मेसी सेवाहरु उपलब्ध छ ।

**हेटौंडा मोडेल अस्पताल**
हेटौंडा-१ स्वर्गद्धारी मन्दिरचोक, जरुवा टोल, हेटौंडा ।
मो.नं. ९७४५३२१६४८ फोन नं.: ०५७-५२२७५६

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना